(यो नमूना मात्र हो)

# युवा तथा साना स्वरोजगार अभिमुखीकरण तालिमको निर्देशिका

# तथा

# पाठ्यपुस्तक





नेपाल सरकार

अर्थ मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय

सिंहदरवार, काठमाण्डौ

फोन नं. ४२११३४५

फ्याक्स : ४२११३४८

पोष्ट वक्सः ८९५५

**email : selfemploy@mof.gov.np**

**Website : www.mof.gov.np/swarojgar**

<u>**विषयसूची**</u> <u>पेज नं.</u>

| | | |
|---|---|---|
| १.१ | परिचयात्मक कार्यक्रम | १ |
| १.२ | आत्म विकास | २ |
| १.३ | प्रतिस्पर्धा र समन्वय | ६ |
| १.४ | सफल उद्यमी विशेषताहरु | १२ |
| २.१ | सिर्जनशीलता | १४ |
| २.२ | व्यवसायिक अवसरको पहिचान | २१ |
| २.३ | परियोजना खुवी, कमजोरी, अवसर र भय विश्लेषण | २७ |
| ३ | व्यक्तिगत/सामूहिक व्यवसाय कार्य योजना | ३० |
| ४ | तालिम मूल्याङ्कन फारम | ३१ |

# उद्यमशीलता विकास सचेतना तालिम कार्यक्रम

## १. भूमिका

यस कार्यक्रम गर्ने आएका कार्यक्रम मध्ये उद्यमशीलता विकास तालिम एक हो । आफुले संचालन गर्न चाहेको उद्यमको छनौट गरिसकेका, तालिम प्राप्त वा हातमा सीप भएका व्यक्तिहरुका लागि परियोजना टनौट गरिरहनु नपर्ने भएकोले त्यस्ता व्यक्तिहरुलाई तथा उद्यमशीलता विकास सम्न्धी सामान्य जानकारी प्राप्त गर्न चाहने व्यक्तिहरका लागि उपयूक्त हुने गरी १½ दिनको उद्यमशीलता विकास सचेतना तालिम कार्यक्रमको पाठ्यक्रम तयार पारिएको छ ।

## २. तालिमको उद्देश्य

यस तालिमको उद्देश्य निम्नानुसार रहेको छ ।

- देशको विभिन्न भागमा रहेका वोरोजगार व्यक्तिलाई रोजगारीको अवसर प्रदान गनु ।
- स्थानीय श्रोत साधनको सदुपयोग गर्न ।
- व्यक्ति भित्र शुसुप्त अवस्थामा रहेको उद्यमशीलता गुणलाई पहिचान गर्रा त्यसको विकास गर्न अभिप्रेरित गर्नु ।
- सफलताका साथ उद्योग संचालन गर्न सक्ने उद्यमी तयार गनु ।

## ३. लक्षीत लाभ

- उद्योग व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले आफ्नो उद्यमशीलताको विकास गर्रा उद्योग वयवसाय सफलतापूर्वक संचालन गर्न सक्षम हुने ।
- सम्भाव्य उद्योगको पहिचान गर्न सहयोग गर्ने ।
- छानिएका परियोजना सथापनान, संचालन तथा व्यवस्थापन गर्न सक्ने ।
- स्थानीय श्रम, सीप र श्रोतको परिचालन हुने ।
- आत्मनिर्भर हुने प्रेरण प्राप्त गर्ने ।

## ४. लक्षीत वर्ग

- उद्योग स्थापना गर्न इच्छुक व्यक्तिहरु ।
- हातमा सीप हासिल गर्रा उद्योग स्थापना गर्न इच्छुक व्यक्तिहरु ।
- उद्योग व्यवसाय सु-संचालन, विविधीकरण एवं विस्तार गर्न चाहने व्यक्तिहरु ।

## ५. तालिम स्थानको छनौट

तालिम स्थानको छनौट निम्न कुराहरुलाई ध्यान दिनु पर्दछ ।

- वित्तिय संस्था भए, नभएको ।

- पूर्वाधारको विकास भए, नभएको ।
- व्यवसायमूलक सरकारी र गैर सरकारी निकाय भए, नभएको ।
- उपयूक्त बजार भए, नभएको ।

## ६. तालिम अवधी

यो तालिमको अवधी २ दिनको हुनेछ । तर अन्य विषय समेत समेटीएको अवस्थामा बढाउन पनि सकिने छ ।

## ७. प्रशिक्षार्थीलाई सुविधा

- प्रशिक्षार्थीलाई कक्षामा उपस्थित भएको दिन खाजा दिइने छ ।
- प्रशिक्षार्थीलाई पाठ्य सामाग्री निशुल्क उपलब्ध गराइने छ ।
- तालिमको अन्तमा प्रमाणपत्र प्रदान गरिने छ, ।

## ८. कक्षा संचालकलाई पारिश्रमिक

- कक्ष १½ घण्टाको एक सेसन हुने गरी १½ दिनको ६ सेसनको हुनेछ ।

# १.१ परिचयात्मक कार्यक्रम

**(माइक्रो ल्याव / Micro Lab Exercise)**

समयः २ घण्टा

**उद्देश्य** : यस अभ्यासको माध्यमाद्वारा सहभागीहरु एक आपसमा परिचित भई मनमा लागेका कुरा स्वतन्त्र रुपमा व्यक्त गर्न सक्ने हुनेछ ।

**प्रशिक्षण सामाग्री** : वोर्ड, मार्कर, टेप आदि ।

**कृयाकलाप**

१. सहभागीहरुलाई कक्षा कोठा भित्र स्वतन्त्र रुपले घुम्न भन्ने ।

२. दुई मिनेट पछि उनीहरुलाई रोकिन भन्ने ।

३. यसपछि आफुलाई मनपरेको एउटा साथी रोज्ने, एक-आपसमा परिचय गर्न भन्ने यसको लागि पाँच मिनेट समय दिने ।

४. पुनः घुम्न लगाई दुई मिनेट पछि रोकिन भन्ने र आफु नजिक रहेका तीनजना साथीको समूह वनाई परिचय सहित मनमा लागेका विचारको आदान-प्रदान गर्न भन्ने, यसको लागि १० मिनेटको समय दिने ।

५.	पुनः पाँच-पाँच जनाको समूह बनाई माथिको जस्तै परिचय सहित विचारको आदान-प्रदान गर्न लगाउने । यसका लागि १५ मिनेटको समय दिने ।

६.	अन्त्यमा प्रत्येक समूहका समभागीहरुलाई पालैपालो अगाडी ल्याई एक अर्काको परिचय दिन भन्ने र अन्य बाँकी सहभागीहरुलाई आ-आफ्नो स्थानमा बसी ध्यानपूर्वक सुन्न भन्ने ।

नोट : अनुदेशकले आवश्यकता र स्थिती अनुसार मुटु बनाउने पानको पात नाम विशेष Name Game आदि अभ्यास पनि गराउन सकिन्छ ।

## १.१ आत्म विकास

### (जोहारी झ्याल / Hohari Windows Exercise)

समयः २ घण्टा

**उद्देश्य** : यस अभ्यासको माध्यमाद्वारा सहभागीहरुलाई आत्मविश्लेषण र  एक-अर्का प्रति खुल्ने सल्लाह सुझाब (Feed back) लिई आफ्नो व्यवहारमा परिवर्तन गर्ने मौक दिनु हो ।

**प्रशिक्षण सामाग्री** : वोर्ड, मार्कर, कार्डबोर्ड पेपर, फ्लिप चार्ट आदि ।

**कृयाकलाप**

१.	सहभागीहरुलाई आफु भन्दा बढि परिचित भएको एक जना साथीसँग जोडा मिलाई बस्न भन्ने ।

२.	आफ्नो साथीको (जोडाको) व्यवहार र आनबानी बारेमा सोच्न लगाई ३ वटा खुल्ने (राम्रा बानीहरु) र ३ वटा कमजोरीहरु (नराम्रा बानीहरु) गोप्य रुपमा कापीमा लेख्ने भन्ने ।

३.	कही सहभागीहरुलाई साथीको बारेमा आफुले लेखेको कुराहरु प्रसतुत गर्न लगाई बुँदाहरु गरि तलका विषयहरुमा छलफल गर्ने ।
   - आफुलाई थाहा भएको, अरुलाई पनि थाहा भएको ।
   - आफुलाई थाहा भएको, अरुलाई पनि थाहा नभएको ।
   - आफुलाई थाहा नभएको, अरुलाई पनि थाहा भएको ।
   - आफुलाई थाहा नभएको, अरुलाई पनि थाहा नभएको ।

४.	अनुदेशकले जाहेरी झ्यालको अवधारणा बारे व्यवाख्या गर्ने र बोर्डमा जोहारी विन्डोको चिन्न ( अनुसूची-१) प्रस्तुत गरी प्रत्येक भागको वर्णन गर्ने ।

५.	आत्मविकासको लागि अत्यन्त महत्वपूर्ण- भाग खुला भाग हो र यसलाई बढाउनकेही उपायहरु अपनाउनु पर्छ भनी उदाहरण सहित छलफल गर्ने । आफु खुलेमा गोप्य भाग घ सकिन्छ । त्यसै गरी सल्लाह/सुझाब लिएर अन्धो भागलाई क मगर्न सकिन्छ भनी अर्काचिन्ह (अनुसूची-१) देखाई छलफल गर्ने ।

६.	अन्त्यमा कक्षामा के गरियो ? के सिकियो ? आफ्नो बारेमा केही बुझ्नु भयो ? यो मोडेलले आफुलाई अझ बढि चिन्न सहयोग गर्छ ? आदि प्रश्नहरुमा छलफल गर्ने । व्यवसायिक प्रयोजनको लागि यो कति आवश्यक छ भनी यसको व्यवहारिक पक्ष बारे प्रष्ट पार्ने ।

# आत्म विकास

## (जोहारी झ्याल अध्यास / Johari Windows Exercise)

मानविय प्रवत्ति यस्तो छ की ऊ आफ्नो विषयमा आफैले मूल्याङ्कन गर्दा पक्षपाती बन्न सक्दछ, जसले गर्दा म को हुँ ? अध्यासबाट प्राप्त गरिएको  मूल्याङ्कन कमी हुन सक्दछ । त्यस्तो नहोस भन्ने अरुको सहयोगको आवश्यकता पर्दछ । प्रत्येक विकासको माध्यम व्यक्तिको खुलापनलाई लिन सकिन्छ । खुलापन व्यक्ति विशेषको एक महत्वपूर्ण विशेषता पनि हो । अरुको सहयोगको खुलापनको विकास गरी आत्म विकास गर्ने एक सरल तरिका छ । जसलाई हामी “जोहारी झ्याल” भन्दछौ । जसले आफ्नो र अरुको बीचमा सम्वन्धलाई वर्णन गर्दछ ।

**कुनै पनि व्यक्तिमा चारवटा पक्षहरु हुन्छन् ती हुन् :**

१. खुला भाग : कुनै पनि व्यक्तिको त्यस्तो पक्ष जो ऊ आफैलाई थाहा छ र अरुलाई पनि थाहा छ भने त्यसलाई खुला भाग भनेर भनिन्छ ।

२. गोप्य भाग : व्यक्ति विशेषको त्यस्तो पक्ष जो ऊ उसलाई थाहा छ तर ऊ स्वंमलाई थाहा छैन भने त्यसलाई अन्धो  भाग भनेर भनिन्छ ।

३. अन्धो भाग : कुनै पनि व्यक्ति त्यस्तो पक्ष जो उसलाई  थाहा छैन र अरुलाई पनि थाहा छैन भने त्यस्तो पक्ष जसलाई अन्धो भाग भनेर भनिन्छ ।

४. अन्धकार भाग : कुनै पनि व्यक्तिको त्यस्तो पक्ष जो उसलाई  थाहा छैन र अरुलाई पनि थाहा छैन । अर्थात उजागर हुन नसकेको पक्ष जसलाई अन्धकार भाग भनेर भनिन्छ ।

माथिका चार पक्षहरु मध्ये खुला भाग र गोप्य भाग बारे व्यक्ति आफैलाई ज्ञान हुन्छ । तर अन्धो र अन्धकार भागसँग भने हुदैन । साथै उसँग भएको गोप्य भागमा रहेका कुराहरु कति हदसम्म राम्रा वा नराम्रा छन् ? भन्ने निर्णय आफै एकलैले गर्दा पक्षपातपूर्ण हुनसक्दछ । तसर्थ आत्मविकासको लागि यो अध्यासको आधारमा आफुमा भएको कुरा अरुलाई भन्ने र अरुले थाहा पाएका कुरा सुझाबको रुपमा आफुले लिने गर्नाले खुलापिनको विकास गर्न सकिन्छ । यसलाई अनुसूची-१ मा दिएका चित्रको आधारमा सजिलो गरी बुझ्न सकिन्छ ।

# जोहारी झ्याल

**चित्र नं. १**

**आफुलाई**

| अरुलाई | **थाहा छ** | **थाहा छैन** |
| --- | --- | --- |
| थाहा छ | (१)<br>खुल्ला भाग आफुलाई र अरुलाई पनि थाहा छ। | (२)<br>अन्धो भाग आफुलाई थाहा छैन तर अरुलाई थाहा छ। |
| थाहा छैन | (३)<br>गोप्य भाग आफुलाई थाहा छ तर अरुलाई पनि थाहा छ। | (४)<br>अन्धकार भाग आफुलाई थाहा छैन र अरुलाई थाहा छैन। |

**चित्र नं. २**

**आफुलाई**

**सुझाब दिन**

| अरुलाई | **थाहा भएको** | **थाहा नभएको** |
| --- | --- | --- |
| थाहा भएको | खुल्ला भाग | अन्धो भाग |
| थाहा नभएको | गोप्य भाग | अन्धकार भाग |

आफु खुल्नु

माथिको चित्रमा बताए अनुसार आत्मविशवासको लागि खुलापन बढाउन आफ्ना कुराहरु आवश्यकता अनुसार अरुलाई भन्ने गर्दा गोप्य भाग कम भएर खुला भागमा बृद्धि हुन्छ। त्यस्तै आफ्नो बारेमा थाहा हुन अरुको सल्लाह र सुझाब लिने गरेमा अन्धो भाग घट्न गई खुला भाग बढ्न जान्छ। यसरी आफुले खुल्ने र अरुको सुझाब लिने क्रिया बढाउदै लगेमा कसैलाई पनि थाहा नभएको "अन्धकार भाग" पनि प्रभावित हुन्छ र सुलापन बढ्न जान्छ।

आफु खुल्ने र सुझाब लिने तत्परता भएका व्यक्तिहरुले आफु कोसँग खुल्ने र कसको सुझाब लिने भन्ने विषयमा अलि ख्याल गर्नु पर्ने हुन्छ त्यस्तै प्राप्त सुझाब प्रयोग नगरे तापनि लिन सक्ने क्षमता राख्नु पर्दछ ।

## १.४ प्रतिस्पर्धा र समन्वय

**(X–Y अभ्यास / X–Y Exercise)**

समय: २ घण्टा ३० मिनेट ।

<u>**उद्देश्य**</u> : यस कक्षमा सहभागीहरुले प्रतिस्पर्धा, समव्वय तथा धोखाले व्यवसायको वास्तविक स्थितीमा कस्तो किसिमको प्रभाव पर्दछ भनी जानकारी पाउनुको साथै व्यक्ति व्यक्ति बीचमा हुनुपर्ने विश्वास तथा नेतृत्व हुनुपर्ने गुणहरुका बारेमा ज्ञान लिनेछन् ।

<u>**प्रशिक्षण सामाग्री**</u> : मार्कर, पेन, ब्राउन पेपर, एक्स वाई नतिजा, मास्किङ्ग टेप, जग कार्य आदि ।

<u>**कृयाकलाप**</u>

१. सहभागीहरुलाई २ समुहमा विभाजन गर्ने । जस्तो चाउचाउ र साबुन समुह ।

२. विभाजित २ समुहलाई पुनः २-२ वटा उपसमुहमा विभाजन गरी नाम दिने ।
जस्तै : साबुन समुह - पुजा र किसान
चाउचाउ समुह - रारा र वाई वाई

३. प्रत्येक उपसमुहलाई छुट्टाछुट्टै बस्न लगाई अध्यासका नियमहरु अनुसूची १ र २ अनुसार पार्ने । एकै प्रकारको बस्तु उत्पादन गर्ने समुहलाई सँगै नराख्ने ।

४. यो अध्यासका लागि प्रत्येक समुहलाई १०/१० वटा कागजका टुक्राहरु वाडँने र ३ टुक्राहरुमा प्रत्येक राउण्डका लागि आफ्नो समुहको नाम र **X** वा **Y** लेख्ने भन्ने ।

५. नियम प्रष्ट पार्नलाई नमूना अध्यास गराउने र अध्यास शुरु गर्ने ।

६. अभ्यास गराउदा सहभागिहरुले कागजको टुक्रामा लेखेर दिए अनुसारको स्कोर चार्टमा जाने ।

<u>**तथ्याङ्क उत्खनन् र प्रसोधन**</u>

अध्यास समाप्त भएपछि प्राप्त तथ्याङ्कका आधारमा निम्न प्रश्नहरु माथि छलफल गर्दे प्राप्त बोर्डमा टिप्दै जाने ।

- **X** वा **Y** छान्नुको कारण के हो ?
- ................ लाई नेता छान्नुको कारण के हो ?
- दुबै समुहको नेता नेता बीचमा के-कस्तो छलफल भएको थियो ? त्यस अनुसारको काम भयो कि भयो भएन भने किन ?
- चौथो राउण्डमा अर्को नेता फेर्नुको कारण के हो ?
- तपाई (नेता) यो खेलबाट कस्तो परिणाम (Result) चाहनु हुन्थ्यो ?
- नाफा/नोक्सान हुनाको कारण के हो ?

## समष्टिकरण र प्रयोग

१. सहभागीहरुलाई यस अध्यासबाट के सिक्नु भयो ? कस्तो राम्रो प्रतिस्पर्धा हनु रहेछ ? समन्वय किन आवश्यक छ ? र नेतृत्वमा के कस्ता गुणहरु हुन आवश्यक छ ? भन्ने प्रश्नहरुमाथि छलफल गर्दे आएका कुराहरुको टिपोट गर्दे समष्टिकरण गर्ने । यसका साथै यस अध्यासको उद्देश्यबारे प्रष्ट्याउने ।

२. अन्तमा व्यवसायिक जीवनसँग यस अध्यासबाट आएका कुराहरुलाई तुलना गर्दे योअध्यास कत्तिको व्यवहारिक छ र वास्तविक जीवनमा यसलाई कसरी प्रयोग गर्न सकिन्छ भनी छलफल गर्ने ।

नोट : यो अध्यास गराउदा अनुदेशकले सहभागीहरुको समूहमा देखिएका व्यवहार र क्रियाकलापहरुलाई राम्रो अवलोकन गर्नु पर्छ जसले गर्दा तथ्याङ्क प्रसोधनमा सजिलो हुन जान्छ ।

## X–Y अभ्यासका नियमहरु

१. यो अभ्यास १० पटकको हुनेछ ।

२. प्रत्येक पटको लागि २ मिनेटको समय दिइनेछ ।

३. प्रत्येक समूहले एक पटकमा एउटा कागजको टुक्रामा X वा Y मात्र लेख्नु पर्नेछ ।

४. प्रत्येक समूहले नेता छान्नु पर्ने छ र सोही नेताले आफ्नो समूहमा छलफल गरी दिइएको कागजको टुक्रामा लेख्नु पर्नेछ । (नेता चौथो पटक र आठौ पटकमा परिवर्तन गर्न सकिने छ ।)

५. प्रतिस्पर्धा एकै प्रकारका वस्तुको दुई उपसमूह बीच हुनेछ । जस्तै : रारा र वाईवाई बीच, किन पुजा बीच ।

६. अङ्क तालिकामा उल्लेख भए अनुसारको अङ्क प्रयोग समूहलाई दिइनेछ ।

७. तेस्रो राउण्ड पछि प्रत्येक समूह बीच छलफल हुनेछ । त्यका लागि ३ मिनेटको समय दिइने छ।

८. चौथो पटक प्राप्त अङ्क दोब्बर हुनेछ ।

९. पाँचौ, छैठौ, सातौ र आठौ पटक पहिलो, दोस्रो, तेस्रो पटक जस्तै गरी अङ्क दिइनेछ ।

१०. आठौ पटक पश्चात समूह प्रतिनिधी बीच ३ मिनेटको छलफल हुनेछ र यस पटक प्राप्त अङ्क -क्त्रगबचभ) हुन्छ तर चिन्ह भने परिवर्तन हुने छैन । यसमा नेता परिवर्तन गर्न चाहेमा परिवर्तन गर्न सकिन्छ ।

११. सातौ पटक पछि पुनः पुरै समूह वा प्रतिनिधि बीच ५ मिनेटको छलफल हुनेछ र प्राप्ताङ्कलाई घटाइ ९ऋगदष्अ० गरिनेछ । तर चिन्ह भने परिवर्तन हुने छैन ।

**X–Y अभ्यास**

**(अङ्क तालीका)**

| | प्राप्ताङ्क | छनौट | प्राप्ताङ्क |
|---|---|---|---|
| **X** | -६ | **Y** | +६ |
| **Y** | +६ | **X** | -६ |
| **X** | +३ | **X** | +३ |
| **Y** | -३ | **Y** | -३ |

**X–Y अभ्यास**

**(परिणाम तालीका)**

| | सावुन समूह | | | | चाउचाउ समूह | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | किसान | | पुजा | | रारा | | वाईवाई | | |
| पटक | छनौट | अङ्क | छनौट | अङ्क | छनौट | अङ्क | छनौट | अङ्क | |
| पहिलो | | | | | | | | | |
| दोस्रो | | | | | | | | | |
| तेस्रो | | | | | | | | | |
| चौथो | | | | | | | | | अङ्क दोब्बर |
| पाँचौ | | | | | | | | | |
| छैठो | | | | | | | | | |
| सातौ | | | | | | | | | |
| आठौ | | | | | | | | | |
| नवौ | | | | | | | | | अङ्क वर्ग |
| दशौ | | | | | | | | | अङ्क घन |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

# प्रतिस्पर्धा र समन्वय

कुनै संगठन वा व्यवसायको सफलतामा उक्त संगठन वा व्यवसायले लिएको रणनीति निम्ति पारेको हुन्छ। त्यस्तै कुनै पनि व्यवसायकोसफलतामा उद्यमीको महत्वपूर्ण भूमिका रहेको हुन्छ। व्यवसायलाई अरुको भन्दा राम्रो किसिमले अगाडी बढाउन उसले आफ्ना प्रतिस्पर्धालाई उछिन्नेहिसाबले एक आपसमा मिलेर उस्तै रणनीति लिएर अगाडी बढनु पर्छ भने धेरै जसो परिस्थिती अनुसार प्रतिस्पर्धाभन्दा एक खुडकिलो अघि बढनु पर्ने हुन्छ। अर्को शब्दमा भन्नु पर्दा परिस्थित अनुसार प्रतिस्पर्धा र समन्वयकोवातावरणमा व्यवसाय गर्नुपर्ने हुन्छ।

(क) प्रतिस्पर्धा (Competition)

प्रतिस्पर्धालाई हामीले दैनिक जीवनमा देख्दै भोग्दै आएका छौ । जसलाई जित हारका रुपमा हेर्ने गर्छौं । बास्तबमा प्रतिस्पर्धा भन्नाले आफ्नो विद्यमान अवस्था वा अरुको दाजोमा एक कदम अगाडी चयन गरिने रणनीति हो । व्यवसामा प्रतिस्पर्धा भन्नाले आफुले जसतै बस्तु वा सेवा दिहरुका अगाडी बढन वा बढी नाफा आर्जन गर्न व्यवसायीको अपनाउने उपाय हो। सामान्यतया प्रतिस्पर्धाको नाममाआफु पनि डुब्ने र अरुलाई पनि डुबाउने उकोशीश गर्छन । जसलाई प्रतिस्पर्धा भन्न सकिन्छ । अस्वथ्य प्रतिस्पर्धा व्यवसायीको हितमा कहिल्लै हुदैन । त्यसैले व्यवसायीले आफ्नो उन्नतीको लागि स्वथ्य प्रतिस्पर्धा गनु पर्दछ । साथै परिस्थिती अनुसार समन्वयात्मक रुपमा पनि काम गर्नु पर्ने हुन्छ ।

(ख) समन्वय (Collaboration)

समन्वय भन्नाले कुनेखास समस्यालाई लिएर दुई वा दुई भन्दा बढि पक्षहरुका बीचमा समन्वयको वातावरण कायम गरी मिलेर काम गर्नु पर्दछ । प्रत्येक समन्वयमा समय सथान र समय सीमा बीच सीमा हुन्छ । यसले समस्या परेका वा सरोकारवालालाई एक ठाउँमा ल्यउछ । उपयूक्त वातावरणको पनि व्यवसायमा निकै महत्व रहन्छ ।

- कमजोर पक्षलाई बलियो पक्षकोअ ाड लिएर बलियो बन्न सजिलो पुऱ्याउछ ।
- साधान श्रोत जुटाउन सजिलो र छिटो हुन्छ ।
- व्यक्ति वा समूह बीच जन्मेको विवादलाई सन्तुलित गराउन सहयोग पुऱ्याउँछ।
- यसमा एक अर्काका बीचमा अन्तरक्रिया हुने हुँदा आचारण र व्यवहारमा पनि पर्‍ सहयोग पुऱ्उछ ।

(ग) नेतृत्व (Leadership)

- सामान्यतया राजनैतिक अग्‌जहरुलाई नेता र उनीहरुका क्रियकलापलाई नेर्तत्व भन्ने गर्दछौ । भन्नाले राजनीतिसँग मात्र सिमित रहदैन । कुनै पनि उद्देश्य पूर्तिको निमित्त समूहलाई गर्नेलाई नेता र गरिने क्रियाकलापलाई नेतृत्व भन्नु उपयूक्त हुन्छ । त्यस्तै व्यवसीयक भन्ननाले समुन्नतीका लागि एकउटा उल्मीले निर्वाह गनुपर्ने क्रिउयाकलाप हो ।
- एउटा उद्यमीमा नेतृत्व दि सीप हुन अतिनै आवश्यक छ । उसले आफुमा नेतृत्व दिनेसीप विकास गरी संस्थाको उत्थानमा सहयोग पुऱ्याउका सार्थ सबै सदस्यहरुको क्षमता र सीपलाई सिवकास गारी लक्ष्य प्राप्तिमा आगाडी बढ्न उत्साहित बनाउनु पर्दछ । हामी पत्येक व्यक्तिमा यो नेतृत्व दिने सीप हुन्छ, जुन आवश्यक परेकोवेलामा प्रदर्शित हुने गदृछ । तर आफ्नो नेतृत्वकलाको खास परीक्षा भनेको आफुले आफ्नै लागि खडा गरेको समिा आवरोधलाई थेग्नु र आफुलाई नयाँ दिसामा अग्रसर गराई

अरुसँग  मिलेर काम गर्न सक्ने किसिमले आफ्नो आचरण, व्यवहार र कार्यशैलीमा परिवर्तन ल्याउनुहो ।

- **नेतृत्वका केही महत्वपूण विशेषता निम्न छन्**
  - विषयवस्तुको ज्ञान ।
  - विश्लेषण गर्ने क्षमता ।
  - व्यवहारिक लचकता ।
  - समय अनुसार निर्णय लिन सक्ने ।
  - सुचना प्रवाह गर्नु ।
  - योजना तर्जूमा र कार्यान्वयन गर्ने ।
  - धैर्यता हुनु ।
  - निश्चित लक्ष्य वा उद्देश्य हुनु ।
  - अरुको भावना बुझ्न सक्ने र विश्वास दिलाउन सक्ने हुनु ।
  - प्रभावशाली व्यक्तित्व भएको ।
  - दुरदर्शिता भएको आदि ।

## १.५ सफल उद्यमीका विशेषताहरु

### (Characteristic of Successful Entrepreneur)

समयः १ घण्टा

**<u>उद्देश्य</u>** : यस कक्षाबाट सहभागीहरुले सफल उद्यमीमा हुनु पर्ने विशेषतान बारे जानकारी पाउने छन् ।
**<u>प्रशिक्षण सामाग्री</u>** : वोर्ड मार्कर, मास्किङ टेप, ब्राउन पेपर, सफल उद्यमीको चित्र आदि ।
**<u>कृयाकलाप</u>**

१. अघिल्लो कक्षमा सफल उद्यमीले व्यक्त गरेका कुराहरुलाई लसक्षित गर्दै उद्यमीमा के-कस्ता विशेषता रहेछन् भन्ने प्रश्न गर्ने रअ ाएका उत्तरहरु वोर्डमा टिप्दै जाने ।

२. यस पछि एउटा सफल उद्यमीमा के-के विशेषता हुनु पर्छ भन्दै चित्र अनुसूची - १ देखाई तलका बुँदाहरुमा उदहरण सहति छलफल गर्ने :
   - सिर्जनशील हुन पर्ने ।
   - मध्यम जोखिम उठाउने ।
   - वातावरण प्रति सजग रहने ।
   - स्वंम जिम्मेवार हुने ।
   - विगतबाट शिक्षा लिने ।
   - कठिनाई सँग जुध्ने ।
   - प्रगति मूल्याङ्कन गर्ने ।
   - उद्देश्य प्राप्तिको लागि प्रभावकारी माध्यम अपनाउने ।
   - योजना बनाएर काम गर्ने ।

- गुणस्तरमा ध्यान दिने ।
- सूचनाको खोज गर्ने ।
- समयलाई सधैं ख्याल राख्ने ।
- प्रतिस्पर्धात्मक ।

## २.१ सिर्जनशीलता
## (Creativity)

समयः २ घण्टा

<u>**उद्देश्य**</u> : यस पाठबाट सहभागीहरुले निम्न कुराहरु बारे वानकारी पाउने छन् :
- सिर्जनशीलता भनेको केहो ?
- उद्यमी किन सिर्जशीलत हुनु पर्छ ?
- सिर्जनशीलताका वाधाहरु के-के हुन ?

<u>**प्रशिक्षण सामाग्री**</u> : वोर्ड मार्कर, मास्किङ टेप, अनुसूची दिइएका विभिन्न किसिमका चित्रहरु ।

<u>**कृयाकलाप**</u>

१. विभिन्न किसिमका वौद्धिक प्रश्नहरु, कथा वा प्रसंगहरु समावेश गरी कक्षा शुरु गर्ने र सिर्जशीलताको परिभाष दिने ।

२. सिर्जनशील सोचाईका वाधाहरु पसिहचान गर्न सायोग पुऱ्याउन तल दिइएका केही अध्यासहरु क्रमश गराउदै जाने ।
   - ६ वटा विन्दुहरु अनुसूची-१अनुसार बनाउन लागई कलम नउठाई र नदोहोऱ्याई तीन वटा सरल रेखाले सबै विपन्दुलाई जोड्न भन्ने ।
   - ९ वटा विन्दुहरु अनुसूची-१ बनाउन लागाई अघिकै नियम अनुसार ४ वटा सरल रेखाले सबै विन्दुलाई जोड्न भन्ने ।
   - ँथि वा दुईवटा मानिस कुरा गरेको चित्र अनुसूची- २ वा ३ अनुसार देखाई यहाँ के देख्नु हुन्छ , भन्ने प्रश्न गरी आएका उत्तरहरु वोर्डमा टिप्दै जाने ।
   - दुईवटा तस्वीर देखिने चित्र अनसूची-४ अनुसार देखाई यहाँ के देख्नु हुन्छ ? भन्ने प्रश्न गरी आएका उच्रहरु वोडमा टिप्दै जाने ।

**उत्खनन र प्रसोधन**

माथिका अध्यासहरु गराई सके पछि निम्न प्रश्नहरु सोध्दै आएका उत्तरहर वोर्डमा टिप्दै जाने।
- नौ वटा विन्दुहरु जोडन सफल आसफल के हुन भयो ?
- माथि मान्छे कुरा गरेको चित्र देख्न सक्नु भयो भएन ?
- दुईवटा तस्वीर देखिने चित्र देख्न सकनु भयो भएन ?
- तपाई असफल हुनका कारणहरु के-के हुन ?

<u>**समष्टिकरण र प्रयोग**</u>

अन्त्यमा माथि आएका कुराहरुलाई समष्टिकरण गर्दै सिर्जनशीलताका बाधाहरु र उसलाई हटाउने उपायहरु बारे प्रष्ट पार्दै यसको व्यवहारिक महत्व र प्रयोग बारे चर्चा गर्ने।

सिर्जनशीलता सोचाईका बाधाहरु Barriers of Creativity :

- सकारात्मक मनोबृत्तिका धारणा ।
- आफैले आफ्नो वरिपरि अवराधेहरु बनाएर सोचाईको  घेरालाई सिमित बनाउनु ।
- परम्परागत सोचाई राख्नु ।
- कोशिश नगरी छिटै निर्णय लिनु ।
- मुर्ख भइन्छ भन्ने डर ।
- असफलतााबट डर मान्नु  ।
- अनुमानमा सिमित हुनु ।
- आफु सिर्जनशील छु भन्ने आत्मविश्वास नहुनु ।

सिर्जनशीलता सोचाईका बाधाहरु हटाउने उपायहरु :

सिर्जनशीलता सोचाईका बाधाहरु हटाउन निम्न कुराहरु गर्न सकिन्छ ।

- सम्भाव्य उपायहरुको खोजि गर्नु र एउटा मात्र सही उत्तर हो भन्ने पुर्वाग्रहि भावना त्यागनु ।
- समस्या समाधानलाई सहज रुपमा लिएर नयाँ विचार निकाल्ने कोशिस गर्नु ।
- विविध स्रोतहरुबाट सूचना प्राप्त गर्ने बानी बसाल्नु ।
- धेरै व्यक्तिहरुबाट सुझाब (Feedback) लिने बानी बसाल्नु ।
- आफुलाई लागेका कुरामा प्रश्न गर्न नहिच्कीचाउनु ।
- सधै काम गर्दा अझ राम्रो तरिकाबाट गर्न सकिन्छ भन्ने मान्यता राख्नु ।
- आफुलाई राम्रो लागेको विचारमा अरुले के भन्ला भनेर प्रस्तुत गर्न नडराउनु ।

अनुसूची - १

## ६ वटा विन्दु अभ्यास



## ९ वटा विन्दु अभ्यास



## २.२ व्यवसायीक अवसरको पहिचान

(Opportunity Guidelines)

समयः २ घण्टा

**उद्देश्य** : यस पाठबाट सहभागीहरुले व्यवसयीक अवसरहरु पहिचान गर्ने विभिन्न किसिमका आधारहरु बारे जानकारी पाउने छन् ।

**प्रशिक्षण सामाग्री** : वोर्ड मार्कर, मास्किङ टेप, ब्राउन पेपर, जपकार्ड, ग्लुस्टीक आदि ।

**कृयाकलाप**

१. सर्वप्रथम अनुसूची - १ को चित्र देखाई त्यस चित्रबाट के बुझ्नुहुन्छ ? भन्ने प्रश्न गर्दै आएका उत्तरहरु वोर्डमा टिप्दै जाने ।

२. उक्त चित्रमा चित्रले अवसरको खोजी गदैछ भन्ने कुराको जानकारी गराई विष्या वस्तु तिर प्रवेश गर्ने ।

३. यस पश्चात व्यवसायीक अवसर भनेको के हो र यसको पहिचान गगर्न कुन कुन कुराहरमा ध्यान दिन पर्छ भन्दै पाठमा दिइएका बुँदाहरुलाई उदाहरण सहित छलफल गर्दे प्रष्ट पार्ने ।

नोट : अनुदेशकले व्यवसायीक अवसर पहिचानका विभिन्न बुँदाहरुलाई पहिले नै जपकार्डमा लेखेर ल्याइ एक एक गर्दे टास्तै गएमा सजिलो हुन्छ ।

## व्यवसयीक आवसरको पहिचान

कुनै पनि उद्योग व्यवसाय शुरु गर्नुभनदा अगाडी संभावित उद्यमीले आफैसँग मेरो लागि कुन व्यवसाय उपयूक्त छ र किन ? भन्ने प्रश्न गर्न आवश्यक छ । तर यो प्रश्नको उत्तर दिन त्यती सजिलो छैन ।

कुनै पनि संभावित उद्यमीले यो उद्योग गर्छु अथवा मेरो लागि यस्तो उद्योग उपयूक्त हुनसक्छ भनेर मात्र पुग्दैन । त्यसका कारण पनि स्पष्ट तथा तर्क पूर्ण रुपमा दिनु पर्दछ । यसको लागि जसरी एउटा दक्ष शिकारीले जंगलमा शिकार खेल्न अगाडी जंगलमा कस्ता-कस्ता हिस्रकजनावर छन् ? तिनीहरु कहाँ बस्छन् श्र आदि बारे पहिला नै अध्ययन गर्छ । अनि मात्र जंगलमा शिकारको लागि पसदछ । त्यसरर्ी नै संभावित उद्यमीले पनि मेरा लागि यही नै उद्योग गनु उपयूक्त छ वा यहर्ा नै उद्योग गर्छु भन्नु भन्दा पहिलो आफ्नो वरपरको् वातावरणको गहिरिएर अध्ययन गनुपर्दछ र अवसरहरु पत्ता लगाउदै जानुपर्दछ।

आफ्ना वरपरको वातावरण भन्नाले निम्न कुराहरुलाई जनाउँछ । जसकोआधारमा संभावित उल्मीले व्यवसयीक अवसरहरु पत्ता लगाउन सक्छ ।

### १. व्यवसायीक वातावरण

जुन ठाउँमा आफुले उद्योग व्यवसाय संचालन गर्न खोजेको छ । त्यो ठाउँकामानिसहरुको आर्थिक स्थिती कस्तो छ, भौगोलिक अवस्था कस्तो छ ? त्यस क्षेत्रको जनसंख्या महिला संख्या, बालक, जवान तथा बुढाबुढी कति छन् ? उनीहरुको रुचीमा के-कस्तो परिवर्तन भएका छन् ? आदि कुरा बारे राम्रोसँग अध्ययन गनुपर्दछ र त्यही अनुसार वातावरणमा आएको परिवर्तलाई हेरेर नयाँ नयाँ व्यवसयीक अवसर पत्ता लगाउन सिकन्छ ।

जस्तै धेरै जोडो वा धेरै गर्मी हुने ठाउँमामौसम अनुसारको के-कस्तो व्यवसाय गनृ सकिनछ ? भनेर हेर्नुपर्छ भने याततयात विजुली पानीको सुविधा भएको ठाउँमा त्यसको प्योग गरेर के-के काम गर्न सकिन्छ भनेर सुक्ष्म रुपबाट हर्नुपर्दछ ।

उदाहरण वाताारणमा आएको परिवर्तन अनुसार गाउँ-गाउँमा पनि वोडिङ्ग स्कुलहरु खुद्यन थालेका छन् भने शहरी क्षेत्रमा व्यटिपार्लरहरु, बाटोको छेऊमा सातातिना पसल तथा होटलहरु आदि खुल्न थालेका छन् । बाटोको सुविधाको कारणले विभिन्न जिल्लाहरुमा तरकारी खेतीमा निकै अगाडी बढिसकेको छ ।

### २. आयातको अध्ययन

बाहिरी देश तथा हाम्रै देशका अन्य क्षेत्रबाट के-के वस्तुहरु आफ्नो जिल्लभित्र आईरहेका छन् भन्ने कुराको अध्ययन गरेर त्यसमध्ये आफुले स्थानिय ठाउँमा कुन-कुन वस्तु उत्पादन गर्न सकिन्छ

हेर्नुपर्दछ । यसरी आयातित वस्तुहरुको अध्ययन गर्न आयातकर्ताहरु, भंसार आदि ठाउँबाट जानकारी लिन सकिन्छ ।

**३. निर्यातको अध्ययन**

आफ्नो देशबाट विदेशमा के-के निर्यात गरिन्छ र आफ्नो ठाउँबाट अन्य क्षेत्रमा के-कस्ता वस्तु गइरहेको छ ? त्यसको अध्ययन गरेर सूची तयार गनुपर्दछ र त्यसमध्ये आफुले के-के उत्पादन गरी निर्यात गर्न सकिन्छ ? हुनुपर्दछ । यसका लागि निर्यातकर्ताहरु अथवा भन्सार विभागमा सम्पर्क गरी बुझ्न सकिन्छ ।

जस्तै हाम्रो देशबाट चाउचाउ, बिस्कुट, चिया, जण्बिुटी, हस्तकलाका सामानहरु, तयारी पोशाक, गलैचा आदि निर्यात भईराखेका छन् । माग अनुसार निर्यात भईरहेका छ छैन ? तथा अरु थप के-कै निर्यात गर्न सकिएला ? विचार गनुपर्छ , विकसित देशहरुमा मह, जढिबुटीबाट बनेका पेय पदाथ, सौन्दर्य सामाग्रीहरु र औषधीहरुको धेरै माग छ ।

**४. उपलब्ध सीपको अध्ययन**

आफुले उद्योग व्यवसाय गर्न रोजेको क्षेत्रमा के-कस्ता सीप भएका व्यक्तिहरु उपलब्ध छन् र आफुसँग के सीप छ ? भन्ने कुराको सूची तयार गर्नुपर्छ र त्यस्ता सपि प्योग गर्न सक्ने व्यवसाय रोज्नु पर्दछ ।

जस्तै ढाका बुन्ने, छालाको काम जान्ने , माटो तथा धातुको सामाग्री बनाउन जान्ने व्यक्तिहरु, काष्ठकला तथा मुर्तिकलाको सीप भएका व्यक्तिहरुमध्ये कुनै एउटा सीपको प्रयोग गरेर व्यवसाय गर्न सकिन्छ कि ? भन्ने कुरा सोच्नु पर्दछ ।

**५. स्थानिय कच्चा पदार्थको खोजी :**

आफ्नो क्षेत्रमा के-कबे कच्चापदार्थहरु उपलब्ध छन् ? तिनीहरुको गुणस्तर कस्तो छ श्र मुल्य कत्ति छ ? तिनीहरुबाट के-कै वस्तुहरु उत्पादन गर्न सकिन्छ ? आदि कुरलाई राम्रोसँग अध्ययन गनुपर्दछ । कुनै पनि उल्मीले विदेशी कच्चा पदार्थमा आधारित उद्यँग गर्नु भन्दा पहिले आफ्नो आर्थिक हैसियत तथा क्षमता के कति छ ? सोच्नु पर्दछ, अनिमात्र उद्यँगमा हात हाल्नु पर्दछ ।

स्थापनिय स्तरमा उपलब्ध हुनसक्ने कच्चचा पदार्थकोखोजी गरी संभावित उद्योगको अध्ययन गर्ने क्रममा त्यस स्म्वन्धी सरकारी नीति केकस्तो छ । त्यो पनि पनि हेर्नुपर्दछ । व्यवसाय गर्दा स्थानिय कच्चापदार्थमा आधारित विभिन्न व्यवसायहरुमा जोखिम कम हुन्छन् ।

जस्तै : तलोक्ता नेपाली कागज, केतुकीबाट डोरी , कार्पेट, डोरम्याट आदि, जढिबटी पेय पदार्थ, ओक्षधी सोन्दर्य प्रसोधन आदि । अल्लोबाट, कालीमाटेबाट माटाका भाँडाकुडा, फलफुलबाट जाम, जेली, अमला, लप्सी तथा आपबाट तितौरा, अचार आदि प्रायः गाउँहरुमा नै उत्पादन गरेको पाइन्छ ।

**६. विकास योजनाको मूल्याङ्कन**

सरकारले विकास योजना अन्तर्गत सडक बनाउने, बिजुली जडान गर्ने, ठुला ठूला कारखाना खोल्ने अस्पताल, स्कुल, कलेज, होटल, बस पार्क आीद निर्माण गर्ने योजना बनाएको छ भने, ती कुरालाई बुझेर के-के व्यवसायहरु गर्न सकिन्छ ? सोच्नु पर्दछ ।

जस्तै : सडक बन्दैन भने चिया पसल, होटल आदि । विद्यालय, कलेज बन्दैछ भने शैक्षिक सामाग्री पसल वा होटल । अस्पताल बन्दैछ भने खानबस्ने होटल, ओषधीपसल आदि व्यवसायहरु संचालन गर्न सकिन्छ ।

**७. उद्योगहरु बीचको सम्वन्ध** :

आफ्नो क्षैंत्रमा कस्ता किसिमका उद्योगहरु संचालित छन् वा स.चालन हुन गइरहेका छन् ? भनने कुराको पनि अध्ययन गर्न आवश्यक छ । किनकी एउटा उद्यैंग खुलेमा त्यसले अरु उद्योग खुल्ने अवसरि दिइरहेको हुनछ ।

जस्तै : बिस्कुट उद्योग छ भने सो उद्योगलाई आवश्यक पर्ने मैदा, चिनी प्याकिङ्ग गर्ने काग, ककार्टुन आदि जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगहरु संचालनगर्न अवसर प्राप्त हुन्छ । कुखुरा पालन व्यवसाय छ भने दाना। औषधी, अण्डा, मासु वित्रक्रि गर्ने व्यवसायको अवसर हुन्छ ।

**८. प्रविधिको प्रयोग**

कस्ता किसिमका नयाँ नयाँ प्रविधिहरु प्रयोग भईराखेका छन् ? कस्ता किसिमकाप्विधिहरु उपलब्ध छन् र त्यसबाट आफुले के गर्न सकिन्छ ? भन्ने कुराको विचार गर्नुपर्छ । प्रविधि छनौट गर्दा जहिले पनि सरल प्रविधिलाई प्राथमिकता दिनुपर्छ । जसले गर्दा भविष्मा कुनै पनि अप्ठ्यारो नपरोस । उपलब्ध प्रविधिको आाधारमा विभिन्न व्यवसायक अवसर पत्ता लगाउन सकिन्छ ।

जस्तै : खेर गएका कागजबाट फेरी कागज बनाउने मेशीनबाट मकै भट्ने गोबर ग्यासबाट इन्धन आपुीर्त गर्ने पानी घट्टबाट विजुली निकाल्ने आदि । त्यस्तै गरी दुईवटा सामानलाई जोडेर एउटै बनाउन सकिन्छ । उदाहरणका लागि टोपी र मफलर जोडेको उनी सफदर, रेडियो र क्यासेट एकै ठाउँमा भएको आीद ।

**९. संचालनमा रहेका उद्योगहरुको अध्ययन**

आफु रोजेको स्थानमा स्थानमा कस्ता -कस्ता उद्योगहरु संचालित उद्यैंगहरु पनि नाफामा टन् कि घाटामा छन् । उत्पादन प्रविधि कस्तो छ ? सरल वा जटिल । तिनीहरुको समान कतिको विक्रि भइरहेको छ । आदि हेरेर त्यसको माग बढि छ भने वा त्यसले उपभोक्तको चहना पुरा गर्न सकेको छैन भने त्यसमा केही परिवर्तन गरेर जा त्यसको कमजोरी हटाएर सुधार गर्न सकिन्छ कि ? उद्योगको समस्याहरु के-के छन् । भनने कुरा हुनेपर्दछ ।

**१० बन्द वा रुग्ण उद्योगहरुको अध्ययन**

आफ्नो क्षेत्रमा कुन कुन उद्यैंगहरु खुलेक थिए कुन कुन बन्द भए वा रुग्ण भए र किन बन्द वा रुग्ण भए त्यसको कारण रामैंसँग बुझ्नपर्छ । उद्यमीको लापरबाहीले गर्दा बनद र रुग्ण भएको हो कि त्यस क्षेत्रमा उक्त उद्योग उपयुक्त नभएर बन्द भएको होकि अथवा उत्पादित वस्तु ग्राहकको रुची अनुसारको गुणस्तर, मुल्य। आकार, प्रकार, तोल नभएर बन्द र रुग्ण भएको हो कि ? राम्ररी अध्ययन गर्नुपर्छ । यदि त्यस्तो हो भने त्यस सुधार गरेर उद्योगहरु पुनः संचालन गर्न सकिन्छ कि हेनुपर्छ ।

जस्तै : तामाका, ढलौटका भाडाहरु ग्राहकको रुचिमा परिवर्तन र पर्यटकको कारणले फेरी चल्न थालेका छन् । त्यस्तै फेसनले गर्दा ग्राहकको चाहना अनुसार रफ (Raugh) डिजाइनका कापडाहरुको माग फेरि बढ्न थालेको छ ।

**११. अरुको अनुभवबाट सिक्ने :**

उद्योग क्षेत्रमा लागेका अनुभवी व्यक्तिहरुसँग आफ्नो योजनाबारे छलफल गर्ने तथा सललाह सुझाब लिनुपर्दछ । त्यसपछि मात्र निर्णयमा पुग्नुपर्दछ । हाम्रो जस्तो आर्थिक स्थिती भएका अरु ठाउँका मानिसहरु के-के गसिरहेका छन् ? त्यसलाई हेरेर पनि  हशामीले केही गर्न सक्छौ कि भनेर विचार गर्नुपर्दछ । त्यस्ते आफ्नो ठाउँबाट टाढा जादा देखेका, सेनेका कुराहरुमध्येबाट पनि केही अवसरहरु पत्ता लगाउन सकिन्छ ।

जस्तै : भारत, पाकिस्तानमा महिलाहरले कपडामा सिसा जोड्ने, सितारा भर्ने, अचार बनाउने र पापड बनाउने कामहरु गरेर पनि निर्यााात गरिरहेका छन् ।

**१२. व्यवसायीक पत्रिकाको अध्ययन**

विभिनन व्यवजसयायीक पत्र पत्रिका वा अन्य दैनिक पत्रिकामा लेखिने व्यवसाय सम्वन्धी लेख। रचनाहरु हेरेर पनि व्यसायिक अवसर पत्ता लगाउन सकिन्छ ।

जस्तै :  घरेलु तथा सना उद्योग विकास समित लगायत विभिन्न व्यवसायी संघ संस्थाहरुले प्रकाशित गर्ने पत्रिकाहरु अन्य व्यवसाय सम्वन्धी  विदेशी पत्रपत्रिकाहरु यसमा पर्दछन् ।

**१३. उद्योगहरुको सूची**

साना तथा घरेलु उद्योगबाट प्रकाशित उद्योगहरुको सूचर्पा र स्कीम क्ष्च्क्ष नामक भारतीय उद्योगहरुको सूर्चा तथा स्कीमको किताबाबाट विभिन्न व्यवसायहरुको बारेमा थाहा पाउन सकिन्छ ।

**१४. उद्योग संभाव्यता अध्ययन**

घरेलु तथा साना उद्योग विकास सकिति, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लगमयचत अन्य संस्थाबाट गरिएका उद्योग संभाव्यता अध्ययनबाट पनि कुन स्थानमा के कस्ता उद्योगहरु गर्न सकने अवसर छ ? थाहा पाउन सुकिन्छ ।

अनुसूची- १

**१. खुबी**

- पयाप्त चालु पूँजी
- दक्ष प्राविधिक, उद्यमी, कर्मचारी

**२. कमजोरी**

- उद्यमी कमएचारीमा प्राविधिक ज्ञान तथा अनभावको कमी

**३. अवसर**

- सस्तो कच्चा पदार्थ
- त्यस्ता प्रकारका वस्तुको उद्योग नहुनु
- माग बढ्दे जानु ।
- सापेक्षित सरकारी नीति ।
- नयाँ नयाँ वस्तुको विकास हुदै जानु ।
- उद्यमी कर्मचारीले तालिममा सुविधा पाउनु ।
- कच्चा पदार्थ सजिलै पाउन ।

**४. भय**

- लागत बढ्दै जानु ।
- सरकारा नीति परिवर्तन हुन सक्ने ।
- कच्चा पदार्थको अभाव हुन सक्ने ।
- प्रतिस्पर्धीहरु बढ्दै जाने ।
- माग घट्न सक्ने ।

- प्रतिस्पर्धी ।
- बजार हिस्सा ।
- बजार क्षेत्र ।
- उद्यमीको विक्रयकला ।
- व्यवसायको स्थान ।
- नयाँ बजारको विकास, सृजना ।

५. उत्पादन प्रक्रिया :

- उत्पादन गनेर्ृ तरिका वा प्रविधि सरल जटिल ।
- उत्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुने व्यक्ति वा मेशीनहरको अवस्था तथा संचालन प्क्रिया ।

६. व्यवस्थापन सम्वन्धी सूचना :

- आवश्यकता सूचना उपलब्ध छ वा छैन ।
- उपयोगी वित्तिय तथा उचित क्रियाकलाप संचालन गर्न ती सूभनाहरु समयमै उपलब्ध हुन्छ वा हुदैन ।

७. आपूर्तिको श्रोत :

- आफूले चाहेको परिणाम , गुणस्तर तथा मूल्यमा कच्चा पदार्थ पाउन सजिलो छ वा गाह्रो छ ?
- ती कच्चा पदार्थ सधै पाईन्छन् वा पाईदैनन् ?
- उधोगको लागि आवश्यक नयाँ-नयाँ कच्चा पदार्थ वा अन्य सामाग्रीहरु उपलब्ध हुन सक्छ ।

८ सामाजिक वातावरण:

- उद्योग वस्तु प्रति समाजको मान्यता ।
- समाज माथि उद्योग वस्तुको सकारात्मक तथा नकारात्मक प्रभाव आदि । उद्यमीले खु.क.अ.भ. विश्लेषण गर्दा जहिले पनि बलियो पक्ष वा खुवीको प्रयोग बढाउदै लैजाने । कमजोर पक्षलाई सकेसम्म हटाउने वा घटाउने प्रयास गर्न । मौकाको फाइदा उठाउने तथा भएवाट सधै सर्तक रही यसवाट वच्ने उपाइएहरु निकाल्नु पर्दछ ।ख.क.अ.भ.बिश्लेषण गर्दा अनुदेशको ध्यान पर्ने कुराहरु ।
- खुवी ,अबसर ,कमजोरी तथा भएमा अलमल नहुने स्पष्ट हुनुपर्ने किनकी खुवी भनेको हालको अवस्थामा भएका सकारात्मक तत्वहरु हुन् भने अवसर भनेको फाईदा हुने सम्भावना हुन् । जसको प्रयोग भविश्यमा गर्न सकिन्छ । त्यस्तै कमजोरी भनेको हालको अवस्थामा भएको नकारात्मक तत्वहरु हुन भने भय भनेको वेपफइदा हुने संभावनाहरु हुन, जसले भविष्यमा नकारात्मक प्रभाव पार्न सक्छ ।
- ख्क.अ.भ. का प्रत्येक पक्षहरु खुबी, कमजोरी तथा भयकाउ अलग-अलग प्रत्येक बुँदाहरु जस्तै आर्थिक श्रोत, बजार, उत्पादन प्रक्रिया आदि समेटेर विश्लेषण गर्ने ।

- ख.क.अ.भ.  विश्लेषण गर्दा त्यस्तो प्रकारले गर्नु होस जसले गर्दा संभावित उद्यमीहरुलाई खुबीलहरु बढाउन कमजोरी हटाउन वा घटाउन, अवसरबाट फाइदा लिन तथा भयबाट सर्तक रहन मद्दत पुगोस ।
- उद्यमीहरुलाई वसतु विकास गर्न वा वस्तुमा परिवर्तन लयाउनका लागि भएकै वस्तुको खु.क.अ.भ. विश्लेषणबाट निर्णय लिन मद्दत पुगोस ।
- विलकुलै नयाँ वस्तुको उत्पादन गर्न वा वयवसाय गर्नको लागि संभावित खुवी तथा कमजोरीबाट छलफल मात्र गर्न सकिन्छ । यदि त्यस्तो वसतु छिमेकी मुलुकहरुमा उपलब्ध छ भने कुनै एउटा मुलुकको उदाहरण लिन सकिन्ज्छ ।

अनुसूची - १

३. व्यक्तिगत/सामूहिक वयवसाय

कार्य योजना

सहभागीको वा
समूहकासदसयहरको नाम :
योजना अवधी : ..........................................................................................
व्यवसायको नाम, ठेगाना : .......................................................................
व्यवसाय संचालन ☐ एक्ले ☐ पारिवारिक सहयोग ☐ साझेदारी ☐ आफु र ज्यालादारी
कामदारको सहयोग
व्यवसायमा आवश्यक जम्मा पूजी रु .....................

क) निजी श्रोतबाट रु. .............................

ख) ईष्टमित्र वा संस्तथाबाट रु. ..................

ग) बैंक वित्तिय संस्थाबाट रु. .....................

व्यवसायमा आवश्यक जम्मा पूँजी रु. ...................
व्यवसायमा संलग्न :

कामदार जना

कर्मचारी जना

व्यवसायबाट सेवजा उत्पादन हुने वस्तु

| **वस्तुको नाम** | **परिमाणदर** | **सेवा उत्पादन शुरु मिति** |
|---|---|---|

अनुसूची - १

४. उद्यमशीलता विकास तालिम

मूल्याङ्कन फारम

(सहभागीहरुले भर्ने)

१. यो तालि तपाईलाई कस्तो लाग्यो ।

☐ धेरै उपयोगी ☐ उपयोगी ☐ ठिकै

२. यो तालिमको कुन विषयवस्तु तपाईलाई धेरै उपयोगी भयो र के कारणले लेख्नुहोस् ।

☐ उद्यमशीलता वयक्तित्व विकास

☐ परियोजना पहिचान तथा छनौट

☐ ओद्योगिक परियोजना

☐ व्यवस्थापन

☐ कार्ययोजना

कारण ..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

३. यो तालिमलाई भविस्यमा अझबढि प्रभावकारि बनाउन तपाईका सुझाबहरु के-कै छन् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

४. प्रशिक्षकको प्रस्तुती ☐ धेरै राम्रो ☐ राम्रो ☐ ठिकै

५. तालिम अवधी ☐ लामो ☐ ठिकै ☐ छोटो

६. प्रशिक्षण विधि ☐ धेरै राम्रो ☐ राम्रो ☐ ठिकै

८. व्यवसायबाट उत्पादित वस्तु विक्रि हुने स्थान

९. विक्रि प्रकृया

१०. विक्रि प्र्वर्द्धनका उपया

# कार्य योजना

| सि.नं. | क्रियाकलाप के गर्ने ? | उत्तरदायित्व कसले गर्ने ? | आवश्यक सहयोग के चाहिन्छ ? | सहयोगी संस्था को बाट ? | समय कहिले गर्ने? | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष, २०६५ सम्वन्धी जानकारी :

*परिचय :*
उत्पादनशील श्रमको अधिकतम उपयोग, उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुततर विकासको लागि युवा तथा साना व्यवसायी बेरोजगारहरुलाई स्वरोजगारको अवसर उपलब्ध गराउन, बैंक तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा विनाधितो आवधिक ऋण उपलब्ध गराउन " स्वरोजगार कोष" खडा गर्न र सो कोषवाट स्वरोजगार कार्यक्रम संचालन गर्न र व्यवसायिक तालिम समेत उपलब्ध गराउन यो कोषको स्थापना भएको हो ।

*सहभागी हुन पाउने व्यक्ति:*
शिक्षा आर्जन लगायत कुनै पनि पेशा व्यवसायमा संलग्न नरहेको तथा कुनै आय आर्जन गर्ने काममा संलग्न नभएको वेरोजगार व्यक्तिले यस कार्यक्रममा भाग लिन पाउने छन् ।

*ऋण उपलब्ध हुने व्यवसायहरु :*
(क) व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा वनजन्य उद्योग, घरेलु उद्योग तथा अन्य व्यापार व्यवसाय,
(ख) शहर र वजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा संचालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय,
(ग) परम्परागत शीप भएका व्यवसाय,
(घ) स्वरोजगार कार्यक्रम संचालन गर्न चाहने बेरोजगारलाई तालिम प्रदान गर्ने व्यवसाय ।

*प्राथमिकता :*
स्थानीय कच्चा पदार्थ र शीपमुलक परियोजना, जुन क्षेत्रमा उत्पादन हुने र सोही क्षेत्रमा खपत हुने परियोजना र एक गाउँ एक उत्पादन सम्बन्धी परियोजनाहरु तथा द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति, दलित र क्षेत्र तथा महिलावाट संचालन हुने परियोजनाहरुलाई विशेष प्राथमिकता हुनेछ ।

*ऋण लिने प्रक्रिया*
सिप मुलक तालिम प्राप्त गरेको प्रमाण-पत्र (प्रमाण-पत्र नम्वर अनिवार्य छ), नागरिकताको प्रमाण, ऋण लिन चाहेको पेशा वा व्यवसायको परियोजना विवरण, सम्वन्धित वित्तिय संस्थाले माग गरेको अन्य आवश्यक कागज पत्रहरु पेश गरी ऋणको लागि आवेदन गर्न सकिनेछ ।

*ऋण लगानी र सीमा :*
वेरोजगार ले स्वरोजगार कार्यकम संचालनको लागि आवश्यक ऋण लिन, आफ्नो व्यवसायिक योजनाको आधारमा वित्तिय संस्थामा निवेदन दिनु पर्नेछ । सम्बन्धित वित्तिय संस्थाले आफ्नो प्रक्रिया अनुसार ऋण स्वीकृत गर्नेछ ।
कोषको उद्येश्य अनुसार बैंक तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा विना धितो दुई लाख रुपैया सम्म आवधिक ऋण उपलब्ध हुनेछ ।

*ब्याजको दर र अनुदान :*
स्वरोजगार कार्यकम अन्तर्गतको ऋण लगानीको ब्याजदर लगानी गर्ने संस्थाले तोकेको ब्याजदर हुनेछ र तोकिएको समयमा ऋणीले ऋणको किस्ता चुक्ता गरेपछि सो किस्तामा लाग्ने ब्याजको साठी प्रतिशत रकम सम्बन्धित ऋणीलाई नै अनुदानको रुपमा फिर्ता दिने व्यवस्था मिलाईनेछ ।

*धितो सम्वन्धी व्यवस्था :*
ऋण स्वीकृत भएपछि सम्वन्धित व्यक्तिले गर्ने स्वरोजगार मूलक व्यवसाय पूर्ण रुपमा ऋणको सावाँ, व्याज भुक्तानी नगरुन्जेलसम्म ऋणको सुरक्षणको रुपमा सम्वन्धित वित्तिय संस्थाले धितो राख्ने छ ।

*ऋण दुरुपयोग गर्नेलाई कारवाही :*
जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिइएको हो सो बमोजिम कार्य नगरी ऋण दुरुपयोग गरी साँवा, व्याज भुक्तानी नगरेमा प्रचलित कानून बमोजिम ऋणीबाट साँवा, व्याज असूल गरिनेछ र कर्जा सूचना केन्द्रमा त्यस्ता व्यक्तिको नामावली राखी खराव ऋणीलाई हुने कारवाही गर्ने, राहदानी नदिने जस्ता विविध कार्यवाही गरिनेछ ।

*परियोजनाको विमा :*

ऋणको भाखा भित्र ऋणीको मृत्यु भएमा वा स्थायीरुपमा अपांग भएमा र भवितव्य परी परियोजनाको नोक्सान भएमा ऋणीले ऋण तिर्नु पर्दैन, वीमा कम्पनीले तिरीदिनेछ। वीमाको प्रिमियम नेपाल सरकार, अर्थ मन्त्रालयले तिर्नेछ।

*बजार व्यवस्था :*

उत्पादित वस्तुहरु सोही क्षेत्रमा खपत होस् भन्ने अभिप्रायले त्यस्ता उत्पादित सामाग्रिहरु जिल्ला स्थित सहकारी संस्थाहरुले खरिद गर्ने र वितरण गर्ने व्यवस्था हुनेछ र अन्तर जिल्लाका सहकारी संस्थाहरुले पनि खरिद गर्न सक्ने व्यवस्था गरिनेछ।

*सहयोगी संस्था र सो संस्थाले गर्ने सहयोग :*

हाल नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत सबै जिल्लाहरुको सदस्य संघ सहयोगी संस्थाको रुपमा तोकिएको छ।
स्वयंसेवक वा सहयोगी संस्थाले कोषको उद्देश्य अनुरुपको कार्यक्रम प्रवर्द्धन गर्न अभिमूखिकरण कार्यक्रम, परियोजना विकास सम्बन्धी तालिम र अन्य प्रचारात्मक तथा चेतनामूलक कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

*तालिम सम्वन्धी व्यवस्था :*

सरकारी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी जुन सुकै निकायवाट तालीम लिएको प्रमाण पत्र मान्य हुनेछ, परम्परागत शीप भएका व्यक्तिले गर्ने व्यवसायको भने तालीमको प्रमाण पत्र आवश्यक पर्नेछैन तर ऋण दिने वैंक तथा वित्तिय संस्थालेनै सो व्यवसाय गर्न सक्ने वा नसक्ने एकिन गरी ऋण प्रदान गर्नेछ।

*तालिमको आवेदन*

- आवेदन फर्म www.mof.gov.np/swarojgar मा online भर्नु पर्नेछ।
- आवेदन फर्म भरी प्रिन्ट गरी पासपोर्ट साइजको फोटो टासी नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला स्थित सदस्य संघको कार्यालयमा बुझाउनु पर्नेछ।
- आवेदनको साथमा निम्न कागजात संलग्न गर्नुपर्नेछ।
  - नागरिकता प्रमाण-पत्रको फोटोकपी एक प्रति।
  - तालीम तथा शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकपी एक प्रति।
- शीप नहुने व्यक्तिले सिप विकासको लागि तालिम लिन नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला स्थित सदस्य संघमा दिएको निवेदनको आधारमा जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समिति वा कार्यालयमा सम्पर्क गर्ने र परियोजना पहिचान समितिले तोकेको विषयमा तालीम प्रदान गरिनेछ।

*कार्यक्रम*

- पहिलो चरणको शीप हुने व्यक्तिको हक अभिमूखिकरण २०६५ फाल्गुण मसान्त सम्म दिएको निवेदनको तालीम २०६५ चैत्र १ गते देखि र त्यस पछि निवेदन दिनेको हकमा प्रत्येक ३।३ महीनामा हुनेछ।
- ऋण वितरण २०६५ चैत्र १५ गते पछि सम्वन्धित जिल्लाका वैक तथा वित्तिय संस्थाहरु वाट सुरु हुनेछ।
- शीप नहुने व्यक्तिले जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति वा घरेलु तथा साना उद्योग विकास कार्यालयमा सिप विकास तालिमको लागि सम्पर्क गर्नु पर्नेछ।
- शीप नहुने व्यक्तिको आवेदनमा निम्न समितिले जिल्लाको आवश्यकता र संभाव्यता, वजार व्यवस्था र सृजनशीलता, आर्थिक संभाव्यता अदिको विचार गरी समूहगतरुपमा तालीमको विषय निर्धारण गर्नेछ
  - जिल्ला स्थित उद्योग वाणिज्य संघले तोकेको व्यक्ति संयोजक
  - जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति वा घरेलु तथा साना उद्योग विकास कार्यालयको प्रमुख सदस्य
  - जिल्ला कृषि र सहकारी संस्थाको प्रमुख सदस्य
  - आवश्यकता अनुसार आमन्त्रित व्यक्ति

**<u>समितिको गठन</u> :**

कोषको संचालन र रेखदेख गर्नका लागि देहाय बमोजिमको संचालक समिति रहेको छ :-

| | |
|---|---|
| अर्थ मन्त्री | - अध्यक्ष |
| युवा तथा खेलकुद मन्त्री | - उपाध्यक्ष |
| श्रम तथा यातायात व्यवस्था मन्त्री | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| गभर्नर, नेपाल राष्ट्र वैंक | - सदस्य |
| वरिष्ठ आर्थिक सल्लाहकार, अर्थ मन्त्रालय | - सदस्य |
| अध्यक्ष, बिमा समिति | –सदस्य |
| अध्यक्ष, नेपाल वैकर्स एशोसिएसन | - सदस्य |
| अध्यक्ष, नेपाल विमक संघ | - सदस्य |
| सह-सचिव, बजेट महाशाखा, अर्थ मन्त्रालय | - सदस्य-सचिव |

**नेपालसरकार**

**अर्थ मन्त्रालयको**

**सूचना**

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम ६ बमोजिमको कोष संचालक समिति सम्झनु पर्छ ।

(ग) "वेरोजगार" भन्नाले शिक्षा आर्जन लगायत कुनै पनि पेशा व्यवसायमा संलग्न नरहेको तथा कुनै आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्दछ ।

(घ) "सचिवालय" भन्नाले नेपाल सरकारले स्थापना गरेको युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय सम्झनु पर्छ ।

(ङ) "तालिम दिने निकाय" भन्नाले नियम ११ को उपनियम (२) बमोजिमको निकाय सम्झनु पर्दछ ।

(च) "वित्तिय संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वित्तिय संस्था सम्झनु पर्दछ ।

## परिच्छेद २

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापना** : (१) युवा तथा साना व्यवसायी स्वरोजगार कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिम प्राप्त रकम तथा वस्तुगत सहायता रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) नेपाली संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम,

(घ) वित्तीय संस्थाबाट विपन्न वर्गमा लगानी गर्न निर्धारीत रकमको कम्तीमा एक प्रतिशत रकम,

(ङ) लगानीवाट असुली रकम,

(च) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) बमोजिमको कोषमा जम्मा हुने रकम समितिले बैंकमा एक खाता खोली जम्मा गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको खाताको संचालन समितिले तोके बमोजिम हुनेछ ।

४. **कोषको उद्देश्य** : कोषको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा वनजन्य उद्योग सम्बन्धी तालीम प्रदान गर्ने,

(ख) शहर र वजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा संचालन लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमको लागि ऋण उपलब्ध गराउने,

(ग) परम्परागत सीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशी समेतलाई ऋण लगानी गर्ने,

(घ) द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई ऋण लगानी गर्ने,

(ङ) स्वरोजगार कार्यक्रम संचालन गर्न चाहने बेरोजगारलाई तालिम प्रदान गर्ने,

(च) स्थानीय कच्चा पदार्थ र शीपमुलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने हो सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेष प्राथमिकता दिने सम्बन्धि कार्य गर्ने,

(छ) एक गाउँ एक उत्पादन सम्बन्धी परियोजनामा लगानी गर्ने कार्य गर्ने,

(ज) नेपाल सरकारले तोकेको अन्य कार्यहरु गर्ने ।

५. **कोषको प्रयोग** : कोषको प्रयोग देहाय बमोजिमका कार्यमा हुनेछ :-

(क) कोषको उद्देश्य अनुसार बैंक तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा विना धितो दुई लाख रुपैया सम्म आवधिक ऋण उपलब्ध गराउन,

(ख) ऋणको बीमाको प्रिमियम उपलब्ध गराउन,

(ग) आवश्यक तालिम उपलब्ध गराउन,

(घ) कार्यक्रमको प्रवर्द्धनको लागि आवश्यक अभिमूखिकरण कार्यक्रमहरुको संचालन गर्न

तथा स्वयंसेवकहरुको नियुक्ति र परिचालन गर्न,

(ङ) कोषको प्रशासनिक खर्च गर्न,

(च) अन्य आवश्यक कार्य गर्न ।

## परिच्छेद ३

## समितिको गठन र काम, कर्तव्य तथा अधिकार

६. **समितिको गठन** : कोषको संचालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको एक कोष संचालक समिति रहनेछ :-

(क) अर्थ मन्त्री - अध्यक्ष

(ख) युवा तथा खेलकुद मन्त्री - उपाध्यक्ष

(ग) श्रम तथा यातायात व्यवस्था मन्त्री - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) गभर्नर, नेपाल राष्ट्र वैंक - सदस्य

(च) वरिष्ठ आर्थिक सल्लाहकार, अर्थ मन्त्रालय - सदस्य

(छ) अध्यक्ष, बिमा समिति - सदस्य

(ज) अध्यक्ष, नेपाल वैंकर्स एशोसिएसन - सदस्य

(झ) अध्यक्ष, नेपाल विमक संघ - सदस्य

(ञ) सह-सचिव, बजेट महाशाखा, अर्थ मन्त्रालय - सदस्य-सचिव

७. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा छलफल हुने विषय तथा कार्यक्रम सहितको सूचना सदस्य सचिवले लिखित वा मौखिक रुपमा सवै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकमा समितिका बहुमत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र नीजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यको बहुमतद्वारा गरिनेछ ।

(७) समितिको बैठकको निर्णय निर्णय पुस्तिका (माइन्यूट वुक) मा लेखिनेछ ।

(८) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थावाट नगद वा वस्तुगत सहायता स्वीकार गर्ने,

(ख) वेरोजगारहरुलाई स्वरोजगारतर्फ उन्मुख गराउन आवश्यक कार्यक्रम संचालन गर्ने, गराउने,

(ग) कार्यक्रम प्रवर्द्धनको लागि अभिमूखिकरण कार्यक्रम संचालन गर्ने एवं आवश्यक स्वयंसेवकहरुको नियुक्ति र परिचालन गर्ने,

(घ) सम्बन्धित वित्तीय संस्थाले स्वरोजगार कार्यक्रम संचालन गर्न नियमानुसार स्वीकृत गरेको ऋण रकम त्यस्तो वित्तीय संस्थालाई उपलब्ध गराउने,

(ङ) ऋणको बिमा गरिएकोमा सो को प्रिमियम सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी दिने र क्षति भएकोमा क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गर्ने,

(च) कोषको उद्देश्य अनुसारको तालिम कार्यक्रम संचालन गर्ने निकाय तोक्ने र सोको लागि आवश्यक व्यवस्थापन गर्ने,

(छ) कोषको रकमबाट ऋण लिई संचालित स्वरोजगार कार्यक्रमहरुको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने गराउने,

(ज) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने गराउने ।

## परिच्छेद ४

## कोषले संचालन गर्ने कार्यक्रमको कार्यविधि

९. **स्वयंसेवक वा सहयोगी संस्थाको नियुक्ति र परिचालन** : (१) कोषको कार्यक्रमको प्रवर्द्धन गर्न कोषले पचहत्तर वटै जिल्लामा एक–एक जना स्वयंसेवक वा सहयोगी संस्था नियुक्ती गर्नेछ ।

(२) स्वयंसेवक वा सहयोगी संस्थाको छनौट गर्दा परियोजना विकास गर्न सक्ने, स्थानीय स्तरमा परिचालित हुन सक्ने, तालिम कार्यक्रम संचालन गर्न सक्ने जस्ता विशेषतालाई आधार मानि स्थानीय व्यक्ति वा संस्था मध्येबाट छनौट गरिनेछ ।

(३) स्वयंसेवक वा सहयोगी संस्थाको नियुक्ती करारमा तोकिएको सुविधा दिने गरी आवधिक समयको लागि गरिनेछ ।

(४) स्वयंसेवक वा सहयोगी संस्थाहरु कोषप्रति जवाफदेहि हुनेछन् ।

(५) स्वयंसेवक वा सहयोगी संस्थाले कोषको उद्देश्य अनुरुपको कार्यक्रम प्रवर्द्धन गर्न अभिमूखिकरण कार्यक्रम, परियोजना विकास सम्बन्धी तालिम र अन्य प्रचारात्मक तथा चेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।

१०. **लक्षित समूह** : कोषको उद्देश्य बमोजिम बेरोजगार व्यक्ति लक्षित समूह हुनेछ ।

११. **व्यवसायिक तालिमको विषयवस्तु र तालीम दिने संस्था** :

(१) व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा वनजन्य उद्योग वा सेवामूलक प्रकारका स्वरोजगार व्यवसाय तालिमका विषयबस्तु हुनेछन् ।

(२) उपनियम (१) मा उल्लिखित विषयमा तालिम संचालन गरिरहेका सरकारी निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरुको पूर्वसूचि तयार गरिनेछ ।

(३) उपनियम (२) बमोजिमका संस्था छनौट गर्दा सकेसम्म स्थानीय स्तरमा निःशुल्क रुपमा तालिम संचालन गरिरहेका र गर्न चाहनेसंस्थालाई विशेष प्राथमिकता दिइनेछ ।

(४) तालिम दिने निकायलाई औचित्यताको आधारमा कोषले तालिम सामग्री र अनुदान बस्तुगत सहायता आवश्यकतानुसार उपलब्ध गराउन सक्नेछ ।

(५) उपनियम (३) बमोजिम छनौट भएका तालिम दिने निकायले वेरोजगारहरुलाई उपनियम (१) बमोजिमको विषयबस्तुमा व्यवहारिक किसिमको अल्पकालिन तालिम दिनु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वेरोजगार ऋणीको लागि आवश्यक परियोजना विकास (प्रोजेक्ट डेभलप्मेण्ट) गर्ने सम्बन्धी अभिमूखिकरण तालिम सम्बन्धित व्यक्तीलाई दिनु सम्बन्धित वित्तिय संस्थाको कर्तव्य हुनेछ ।

१२. **ऋण लगानी** : (१) वेरोजगार ले स्वरोजगार कार्यक्रम संचालनको लागि आवश्यक ऋण लिनको लागि आफ्नो व्यवसायिक योजनाको आधारमा वित्तिय संस्थामा निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदन परेपछि सम्बन्धित वित्तिय संस्थाले आफ्नो प्रक्रिया अनुसार बढीमा दुई लाख रुपैयाँसम्मको ऋण स्वीकृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋण स्वीकृत भएपछि सम्वन्धित व्यक्तिले गर्ने स्वरोजगार मूलक व्यवसाय पूर्ण रुपमा ऋणको सावाँ, व्याज भुक्तानी नगरुन्जेल ऋणको सुरक्षणको रुपमा सम्वन्धित वित्तिय संस्थाले धितो राख्ने छ ।

(३) सम्बन्धित वित्तिय संस्थाले उपनियम (१) बमोजिम ऋण स्वीकृत गरेपछि प्रत्येक पन्ध्र–पन्ध्र दिनमा सोको सोधभर्नाको लागि तोकिएको विवरण सहित कोषमा निवेदन दिनुपर्नेछ । कोषले सोको आधारमा ऋणको सोधभर्ना सम्बन्धित वित्तिय संस्थालाई निकासा दिनेछ ।

१३. **ऋणको विमा** : (१) स्वरोजगार कार्यक्रम अन्तर्गत लगानी हुने ऋणको एकमुष्ट विमा गराउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम विमा गराउँदा न्यूनतम प्रिमियम लिने कुनै एक वा सो भन्दा बढी विमा कम्पनीको छनौट कोषले गर्नेछ ।

(३) यस नियम वमोजिमको विमाले खराव ऋणी बाहेकको अन्य सबै जोखिमको बहन गर्नेछ ।

१४. **ब्याजको दर र अनुदान** : (१) स्वरोजगार कार्यक्रम अन्तर्गतको ऋण लगानीको ब्याजदर लगानी गर्ने संस्थाले तोकेको ब्याजदर हुनेछ ।

(२) ऋणीले ऋणको किस्ता चुक्ता गरेपछि सो किस्तामा लाग्ने ब्याजको साठी प्रतिशत रकम सम्बन्धित ऋणीलाई नै अनुदानको रुपमा समितिले तोके वमोजिम फिर्ता हुनेछ ।

१५. **ऋण फिर्ता र कारवाही** : (१) ऋणको साँवा ब्याजको भुक्तानीको किस्तावन्दी ऋणको प्रकृति हेरि लगानी गर्ने संस्थाले तय गरे वमोजिम हुनेछ ।

(२) जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिइएको हो सो बमोजिम कार्य नगरी ऋण दुरुपयोग गरी साँवा, ब्याज भुक्तानी नगरेमा प्रचलित कानुन बमोजिम ऋणीबाट साँवा, ब्याज असूल गरिनेछ ।

(३) उपनियम (२) वमोजिम ऋण दुरुपयोग गर्ने ऋणीलाई निजको नाम कर्जा सूचना केन्द्रमा राखी खराव ऋणीलाई हुने कारवाही, पासपोर्ट नदिने जस्ता कारवाही गरिनेछ ।

१६. **बजार व्यवस्था** : उत्पादित वस्तु जुन क्षेत्रमा उत्पादन भएका हुन सोहि क्षेत्रमा खपत होस् भन्ने अभिप्रायले त्यस्ता उत्पादित सामाग्रिहरु जिल्ला स्थित सहकारी संस्थाहरुले खरिद गर्ने र वितरण गर्ने व्यवस्था गरिनेछ र अन्तर जिल्लाका सहकारी संस्थाहरुले पनि खरिद गर्न सक्ने व्यवस्था गरिनेछ ।

## परिच्छेद ५

## खर्चको निकासा, लेखाङ्कन र प्रतिवेदन

१७. **प्रस्ताव पेश गर्नु पर्ने** : (१) समिति समक्ष कोषको उद्देश्य हासिल हुने प्रकृतिका कार्यक्रम संचालन गर्न चाहने वित्तीय संस्था तथा तालिम दिने निकायले समितिले निर्धारण गरेको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिमको प्राप्त प्रस्ताव जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त देखिए समितिले त्यस्तो प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रस्ताव स्वीकृत भएपछि समितिले तोकेको ढाँचामा कोष र वित्तीय संस्था तथा कोष र तालिम दिने निकाय बीच सम्झौता गरिनेछ ।

१८. **कोषको रकम खर्च गर्ने कार्यविधि** : कोषको रकम खर्च गर्ने कार्यविधि समितिले स्वीकृत गरे बमोजिम हुनेछ र लेखा प्रणाली समितिले तोके बमोजिम हुनेछ ।

१९. **खर्चको लेखाङ्कन** : (१) यस नियमावली बमोजिम भएको खर्चको लेखा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखा सम्बन्धी कागजात आयोजना सम्पन्न भएपछि सम्बन्धित निकायले कोषमा बुझाउनु पर्नेछ ।

(३) कुनै दातृ पक्षले उपलब्ध गराएको रकम वा सामाग्रीको श्रेस्ता सो उद्देश्य र प्रयोजन खुल्ने गरी राख्नु पर्नेछ ।

२०. **प्रतिवेदन पेश गर्नुपर्ने** : आयोजना कार्यान्वयन निकायले चौमासिक तथा बार्षिक रुपमा आफ्नो प्रगती विवरण प्रतिवेदन कोषमा बुझाउनु पर्नेछ । कोषले आफु समक्ष जम्मा भएको नगद र बस्तुगत सहायता र त्यस्तो नगद र वस्तुगत सहायताको खर्चको हिसाब तोकिए बमोजिम प्रत्येक चार चार महिनामा सार्वजनिक गर्नुपर्नेछ ।

२१. **लेखा परिक्षण** : (१) नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थामा आवद्ध लेखापरीक्षकवाट कोषवाट अनुदान प्राप्त गरी संचालन भएका आयोजनाको लेखापरीक्षण हुनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

## परिच्छेद ६

## विविध

२२. **कोषको सचिवालय** : कोषको सचिवालय अर्थ मन्त्रालयमा रहनेछ ।

२३. **कार्यकारी निर्देशक** : (१) कोषको सदस्य सचिवले कोषको कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ ।

(२) कार्यकारी निर्देशकको अन्य काम,कर्तव्य र अधिकार कोष संचालक समितिले तोकि दिए बमोजिम हुनेछ ।

२४. **कोषको सचिवालयको कर्मचारी** : (१) कोषको सचिवालयमा देहाय बमोजिमका कर्मचारीहरु रहने छन् :-

| | |
|---|---|
| (क) कोष व्यवस्थापक | १ |
| (ख) चार्टड एकाउण्टेण्ट | १ |
| (ग) शाखा अधिकृत | १ |
| (घ) शाखा अधिकृत (महिला आदिवासी, जनजाति) | १ |
| (ङ) कम्प्यूटर अपरेटर | २ |
| (च) कार्यालय सहयोगी | २ |
| (छ) सवारी चालक | २ |

(२) उपनियम (१) मा उल्लेखित कर्मचारीहरुको कोषले करारमा नियुक्ति गर्न सक्ने छ र कार्यविवरण कोषले तोके बमोजिम हुनेछ ।

(३) अर्थ मन्त्रालयले चाहेमा कोषमा काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

२५. **अभिलेख राख्नु पर्ने** : (१) कोषले आफुले गरेको काम कारवाहीको अभिलेख राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको अभिलेख कोषको प्रयोजन समाप्त भएपछि कोषले अर्थ मन्त्रालयलाई बुझाउनु पर्ने छ ।

२६. **कोषको प्रशासकीय खर्च** : (१) एक आर्थिक वर्षमा कोषमा रहेको मौज्दात रकमको अधिकतम एक

प्रतिशतसम्म कोषको प्रशासकीय काममा कोष संचालक समितिले स्वीकृत गरेको बजेटको अधिनमा रहेर खर्च गर्न सकिनेछ। मौज्दात रकम गणना गर्ने प्रयोजनका लागि आर्थिक वर्षको अवधिमा कुनै दिन रहेको उच्चतम मौज्दातलाई आधार बनाइनेछ।

२७. **सम्पर्क मन्त्रालय** : कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२८. **कोषको अवधि :** नेपाल सरकारले कार्यक्रमको प्रभावकारिताको आधारमा कोषको अवधि तोक्न सक्नेछ।

२९. **सञ्चित कोषमा दाखिला गर्नुपर्ने** : कोष विघटन हुँदा कोषमा कुनै रकम बाँकी भएमा त्यस्तो रकम संचित कोषमा दाखिला गरिनेछ।

३०. **निर्देशिका जारी गर्न सक्ने** : यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका समितिले जारी गर्न सक्नेछ।

आज्ञाले

(रामेश्वर प्रसाद खनाल)
नेपाल सरकारको सचिव

## कर्जा तथा वीमा व्यवस्था सम्वन्धी निर्देशिका, २०६५

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावलीको नियम ३० ले दिएको अधिकार प्रयोग गरी समितिले देहायको निर्देशिकाहरु वनाएको छ ।

परिच्छेद १

कर्जा सम्वन्धी

१ परिभाषाः

(क) “वैंक तथा वित्तिय संस्था” भन्नाले वैक तथा वित्तिय संस्था ऐन वमोजिम दर्ता भएको संस्था जनाउनेछ र सो शव्दले समितिले समय समयमा तोकेको अन्य संस्थाहरु समेतलाई जनाउनेछ ।

(ख) “कर्जावाला“ भन्नाले न्यूनतम १८ बर्ष देखि ५० बर्ष समूह भित्रको ऋण लिने व्यक्ति लाई जनाउनेछ ।

(ग) “परियोजना“ भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषवाट कर्जा र आाफ्नो रकम समेत लगानी गरेको कुनै व्यवसाय, कुनै सामान समेत संझनु पर्छ।

(घ) “सहभागी वैक“ यस कार्यक्रममा सहभागी वैंक संझनु पर्छ ।

२ कर्जावालाले कर्जा प्राप्त गर्न पेश गर्नु पर्ने विवरणहरु र ध्यान दिनु पर्ने कुराहरु :

१ नागरिकताको प्रमाण-पत्र,
२ शैक्षिक योग्यता भएमा सो को प्रमाण पत्र,
३ परम्परागत शीप (कृषि व्यवसाय, व्यापार तथा जातीय शीप) हुने वाहेक शीप हासिल गरेको प्रमाण पत्र,
४ अभिमूखिकरण तलीमको प्रमाण पत्र,
५ आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरि पारिवारिक विवरण,
६ आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण,
७ कर्जा माग निवेदन,
८ सम्पूर्ण परियोजना सम्वन्धि कागज पत्र सहित कर्जा प्राप्त गर्न परियोजना स्थल नजिकको यो कारोवार संचालन गर्न अनुमति प्राप्त बैंकको कार्यालयमा आवेदन दिनु पर्ने।

३ विना धितो कर्जा प्रदान गर्दा वित्तीय संस्थाहरुले निम्न अनुसारको प्रकृयाको अवलम्वन गर्नु पर्नेछ :

१ व्यवसायको उद्येश्य अनुसार कर्जा वढीमा पाच बर्ष अवधीको हुने छ र बैंकको नियमानुसार तोकेको किस्तामा बुझाउनु पर्ने गरि सम्वन्धित बैंकले किस्ता तोक्नेछ ।

२ कर्जा स्वीकृत गर्ने आशय पत्र कर्जावालालाई (व्यक्तिगत वा सामुहिक) दिनु पर्छ र सो आशय पत्रको आधारमा संचालन गर्न चाहेको व्यवसाय सम्वन्धित निकायमा दर्ता गराएको प्रमाण र करमा दर्ता भए पछि मात्र लगानी गर्नु पर्छ।

३ एक पटक (व्यक्तिगत वा सामुहिक) ऋण लिए पछि अरु कुनै किसिमको यस कार्यक्रममा ऋण पाउन योग्य हुनेछैन र पहिले ऋण वाकी भएका व्यक्ति यस कार्यक्रममा सहभागी हुन पाउने छैन ।

४ यसरी दर्ता गर्न नसक्ने भएमा आयकरमा दर्ता गरी स्थायी लेखा नम्वर भने अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्छ ।

५ स्थानीय निकायको शिफारिशको आधारमा जिल्ला स्थित उद्योग वाणिज्य संघले आयकर ऐन, २०५८ अनुसार स्थायी लेखा नम्वर प्रदान गर्नु पर्छ ।

४ माथिको विवरण प्राप्त गरिसके पछि बैंकले गर्नु पर्ने कार्यहरु:

१ बैंकले कर्जावालाले पेश गरेको विवरणको अध्ययन र विश्लेषण गर्ने,

२ बैंकले कर्जा स्वीकृत गर्ने र प्रदान गर्ने,

३ किस्ता प्रवाह गर्दा परियोजनाको प्रकृति हेरी आवश्यक भएमा परियोजना निरीक्षण विवरणको आधारमा किस्ता प्रवाह गर्ने,

४ कर्जा प्रदान गरेपछि र असुली भएपछि (सहभागी वैकहरुलाई user name र password दिएको हुन्छ) सोको जानकारी अविलम्व internet मार्फत www.mof.gov.np मा log in गरी दिने ।

५ वीमाको पोलिसीमा अनिवार्यरुपमा कर्जावालाको सही गराउने र वीमा लागु हुने अवधि उल्लेख गरी सोधभर्ना मागेको समयमै Internet मार्फत जानकारी दिने ।

६ कर्जावालालाई वैंकको नियमानुसार तमसुक तथा वीमाको संझौतामा सही गराउने । तमुसुक गराउदा भाखा भित्र कर्जा नतिरे कानून वमोजिम पाउने "जुनसुकै सम्पतिमा स्वतः पहिलो दावी सृजना हुने र मैले पाउने रकम तेश्रो पक्षवाट असुल उपर गरी लिएमा सहमति भएको तथा मेरो व्यक्तिगत जमानी समेत भएको" व्यहोरा उल्लेख गर्ने।

७ कर्जावालाले कर्जा प्राप्त गरेको ६ महिना पछिवाट लगानी भएको मिति देखिको बाँकि व्याज सहित मासिक किस्ता समेत तोकिएकै समयमा बुझाउनु पर्ने शर्त राख्नु पर्नेछ।

८ लगातार कर्जाको तीन किस्ता भाखा नाघेमा स्थानीय प्रशासनमा अनिवार्य रुपमा जानकारी दिने।

५ सोधभर्ना सम्वन्धी व्यवस्था:

१ वैकले लक्षित वर्गलाई र्क्जा दिएको र असुली भएकोमा सो रकम र व्याज सहुलियत वापत फिर्ता दिएको रकम सात दिन भित्र Internet मार्फत सोधभर्नाको लागि माग गर्नु पर्छ ।

२ कोषले प्राप्त भएको सात कार्य दिन भित्र सोध भर्ना दिनु पर्नेछ ।

३ असुली भएको रकम पनि सात कार्य दिन भित्र कोषले तोकेको खातामा जम्मा गर्नु पर्नेछ।

४ कोषले तोकेको समयमा फिर्ता नगरे कोषको रकम र्क्जावालालाई लगानी गर्दा लिने उच्चतम व्याजदर वैंकले दावी गिर्न पाउनेछ र असुली भएको रकम तोकेको मिति भित्र तोकेको खातामा जम्मा नगरेमा कोषले पनि सोही दरमा दावी गर्न पाउनेछ ।

६ विपन्न वर्गमा जाने कर्जा सम्वन्धी:

१ वैक तथा वित्तीय संस्थावाट विपन्न वर्गमा लगानी हुने कूल लगानीको कम्तीमा एक प्रतिशत रकम स्वरोजगार कोषमा जम्मा गर्नु पर्नेछ । यदि कुनै वैक तथा वित्तिय संस्थाले तीन प्रतिशत लगानी गरि सकेको भए पहिलो वर्षको हकमा २०६५ चैत्र भित्र ०.२५ प्रतिशत, २०६६ आषाढ भित्र ०.५० प्रतिशत, २०६६ असोज भित्र ०.७५ प्रतिशत र २०६६ पौष भित्र वांकी रकम वुझाउनु पर्नेछ ।

२ उपदफा (१) वमोजिमको रकमको अतिक्ति थप दुई पैतिशत सम्म सो कोषमा रकम जम्मा गर्न सक्नेछ ।

३ कुनै निकायले एक क्षेत्र एक उत्पादन वा सामूहिक व्यवसायको कुनै उत्पादन वा सेवा खरीद गर्ने शर्त गरी सामान वा सेवाको रकम भुक्तानि गर्दा वैक तथा विक्तिय संस्थामा ऋण भुत्तानी गने गरी कोष, खरीदकर्ता र लगानी गर्ने वैंक तथा वित्तिय संस्था वीच त्रिपक्षीय संझौता गर्न सक्नेछ । यस्तो अवस्थामा उपदफा (२) को अतिरिक्त पनि लगानी गर्न सक्नेछ ।

४ उपदफा (१) र (२) वमोजिम जम्मा गरेको रकममा कोषले पांच प्रतिशत व्याज प्रदान गर्ने छ ।

५ वैक तथा वित्तीय संस्थालाई सात प्रतिशतमा रकम उपलव्ध गराउनु पर्नेछ र लक्षित वर्गलाई लगानी गर्दा १२ प्रतिशतमा लगानी गर्नु पर्नेछ ।

६ हर्जना व्याज कर्जा लगानी गर्ने संस्थाको नियम अनुसार हुनेछ ।

अनुसूचि १

युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा माग फाराम

(व्यक्तिगत)

निवेदन दर्ता नं. :................
दर्ता गर्नेको दस्तखत :..........

श्री ............................... मिति :
................................................
................................................

बिषय : स्वरोजगार कर्जा उपलब्ध गराई पाउँ ।

महोदय,

नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, २०६५ अनुसार म श्री................................................को छोरा/छोरीश्री................................................ को श्रीमान/श्रीमति.जिल्ला..................म.न.पा./उ.न.पा./न.पा./गा.वि.स...................................बस्ने बर्ष ..........को श्री/श्रीमती.................................हालसम्म कुनै रोजगारी मूलक कार्यमा लाग्न नसकी वेरोजगार रहेकोले त्यस बैंकवाट निम्न व्यवसाय संचालनको लागि देहायमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले विना धितो कर्जा उपलब्ध गराई सहयोग गरिदिन हुन अनुरोध गरिएको छ ।

व्यवसायको विवरण

१ व्यवसायको नामः....................................................................दर्ता.................
२ व्यवसाय संचालन गर्ने
३ अंचलः...................जिल्ला..........................गा.वि.स./न.पा/उप.म.न.पा/म.न.पा...................... ..... वार्ड नं.......... टोल/गाउं................ घरको नम्वर .................. टेलिफोन नम्वर......................मोवाईल नं ..........................

४ व्यवसाय संचालन गर्नको लागि मैले । हामीले निम्न अनुसारको योग्यता हासिल गरेको छु :-

१ शैक्षिक योग्यताः -
२ तालिमः-
३ तालिम दिने संस्थाको नामः-
४ तालिम अवधिः-
५ पूर्व अनुभवः-

५ आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरि पारिवारिक विवरण,

| | नाम | नाता | दर्जा | काम गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

६ आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण,

| नाम | नाता | घर जग्गाको कित्ता नं | जिल्ला | न पा वा गा वि स | वा नं | क्षेत्रफल | सगोल वा अंशवण्डा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७ शर्त सुविधा :-

१ उल्लेखित कर्जा ................................ कार्यमा प्रयोग गर्नेछु ।

२ कर्जामा कोषले समय-समयमा तोकेको दरमा ब्याज तथा सांबा तिर्नेछु।

३ वैकले तोकेको कोषको कर्जाको शर्त मान्न मंजुर छु ।

४ मैले लिएको कर्जाको तोकिएको समयमा किस्ता नबुझाएमा समेत मेरो व्यवसायको दर्ता रद्द गर्ने, मेरा शैक्षिक वा व्यवसायिक प्रमाण-पत्रहरु, जफत गर्ने, मैले पाउनु पर्ने मेरो भागमा रहन पुगेको पैतृत वा आफूले आर्जन गरेको सम्पत्ति रोक्का गर्ने, मलाई राज्यले दिने कुनै पनि सुविधावाट बञ्चित गरिएमा समेत मेरो मञ्जुरी छ ।

५ जुनसुकै सम्पतिमा स्वतः पहिलो दावी सृजना हुने र मैले पाउने रकम तेश्रो पक्षवाट असुल उपर गरी लिएमा सहमति भएको तथा मेरो व्यक्तिगत जमानी समेत मेरो मञ्जुरी छ ।

६ कुनै किसिमले यो कर्जा लिए पछि रोजगार भएमा सम्पूर्ण सावा व्याज ३ महीना भित्र वुझाउने छु र सो नगरेमा नियतबस ऋण नतिर्ने ऋणीहरुबाट ऋण असुलीका लागि कारवाही गरेमा मेरो मञ्जुरी छ ।

७ वीमा सम्वन्धी र व्याज अनुदान सम्वन्धमा मेरो सहमति छ ।

मैले पेश गरेको उपरोक्त विवरण झुठ्ठा ठहरे मलाई कुनै पनि स्तरको कारवाही गरेमा मेरो मञ्जुरी छ भनी माथि उल्लिखित कर्जा प्राप्त गर्नको लागि यो माग फाराम पेश गरेको छु

निवेदक,

नाम

दस्तखत

अभिमूखीकरण तालीम आवेदन नं

समूहमा व्यवसाय गर्ने हो भने अरु व्यक्तिको अभिमूखीकरण तालीम आवेदन न उल्लेख गरेकोछु:

..........     .................

परिच्छेद २

वीमा सम्वन्धी

**स्वरोजगार (सम्पत्ति बीमालेख**
**अनुसूची**

| | |
|---|---|
| **बीमित**<br>**बैंक / वित्तीय संस्था**<br>**- नाम :**<br>**- ठेगाना :**<br><br>**बीमित ऋणी**<br>**- नाम :**<br>**- ठेगाना :** | **बीमालेख नं.** :<br>**अभिकर्ता** :<br>**जारी स्थान** :<br>**बीमा अवधि** :<br>**देखि** :<br>**सम्म** : |
| **बीमित ऋणीको व्यवसाय :** | बीमाको प्रस्ताव प्राप्त मिति :<br>बीमालेख जारी मिति : |
| **भाग (१ सम्पत्ति** | बीमालेख अन्तर्गत रक्षावरण प्रारम्भ हुने मिति : |
| **सम्पत्तिको विवरण**      **मूल्य (रु.** | |
| (क      रु. | **बीमा शुल्क रु.** : |
| (ख      रु. | **टिकट रु.** : |
| (ग      रु. | **मू.अ.क. रु.** : |
| (घ      रु. | **जम्मा रु.** : |
| जम्मा बीमाङ्क रकम      रु. | **बिल/रसिद नं.** |

**भाग (२ व्यक्तिगत दुर्घटना**

बीमाङ्क रकम : रु. २००,०००/-

इच्छाइएको व्यक्तिको नाम :

ठेगाना :

**सम्पुष्टि तथा बन्देज:**

*निमित्त* "॥ **इन्स्योरेन्स कम्पनी लि।**

अधिकार प्राप्त हस्ताक्षर

स्वरोजगार (सम्पत्ति) बीमालेख

यस बीमालेखको अनुसूचीमा उल्लेखित बीमितले बीमक (कम्पनीको नाम उल्लेख गर्ने) लाई अनुसूचीमा उल्लेखित मितिमा यस करारको आधार मानिने बीमा प्रस्ताव फाराम संलग्न गरी बीमा अवधिभित्र यसमा उल्लेख भए बमोजिमको कुनै घटना वा नोक्सानीको कारणबाट हुन सक्ने हानि-नोक्सानी बिरुद्ध बीमाको लागि निवेदन दिएको र उल्लेखित बीमाशुल्क भुक्तानी गरे बापत बीमकले यस बीमालेखको अधिनमा रहने गरी बीमालेखको अनुसूचीमा उल्लेखित मिति र समयमा यो बीमालेख जारी भएको प्रमाणित गर्दछ ।

यस बीमालेखमा बीमित भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रदान गर्ने बैंक/वित्तीय संस्था तथा सो कार्यक्रम अन्तर्गत ऋण सुविधा प्राप्त गरी व्यवसाय संचालन गर्ने ऋणी सम्झनु पर्छ ।

यस बीमालेखमा बीमित ऋणी भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण सुविधा प्राप्त गरी व्यवसाय संचालन गर्ने ऋणी सम्झनु पर्छ ।

## अनुसूची - १

## बीमा (रक्षावरण) गरिएको सम्पत्तिको क्षति/हानि-नोक्सानी

१. बीमकले बीमितलाई निम्नलिखित कुनै कारणबाट स्वरोजगार कार्यक्रम अन्तर्गत प्रदान भएको ऋण सुबिधाबाट संचालित परियोजना अन्तर्गत र यस बीमालेखको अनुसूचीमा उल्लेख भएको सम्पत्ति क्षति/हानि-नोक्सानी भए बापत क्षतिपूर्ति प्रदान गर्नेछ :-

(क) आगलागी, बिष्फोटन, स्वजलन वा चटयाङ्ग,

(ख) भूकम्प (अग्नि तथा धक्का)

(ग) बाढी/डुवान,

(घ) पहिरो/भू:स्खलन,

(ङ) आधिबेहरी, असिना, हिमपात,

(च) हुलदंगा/हडताल

(छ) द्वेशपूर्ण कार्य

(ज) आतंककारी/बिध्वंशकारी कार्य

२. बुँदा नं १ बमोजिमको कुनै कारणबाट बीमा रक्षावरण गरिएको सम्पत्तिमा क्षति/हानि-नोक्सानी भएमा बीमित परिसरमा रहेका सम्पुर्ण सम्पत्तिहरुको जम्मा मूल्य जति भए पनि बीमकले बीमितलाई आबश्यक तथा वास्तविक क्षतिको आधारमा बढीमा रु. दूई लाख सम्मको रकम क्षतिपूर्ति प्रदान गर्नेछ । त्यस्तो क्षतिपूर्ति प्रदान गर्दा न्यून बीमांक सम्बन्धी दफा (एभरेज क्लज) लागू हुने छैन ।

३. बुँदा नं. १ मा उल्लेख भएका बाहेक अन्य कुनैपनि कारणबाट बीमा रक्षावरण गरिएको सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

४. बीमा रक्षावरण गरिएको सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको परिणाम स्वरुप भएको नाफामा कमि, खर्चमा बृद्धि जस्ता कुनै पनि हानि-नोक्सानीको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

५. बीमा रक्षावरण गरिएको सम्पत्तिको प्रयोगबाट भएको ह्रास, यान्त्रिक वा बिद्युतीय अवरोध/असफलता/टुटफुटको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

६. यस परिच्छेद अन्तर्गत कुनै दुर्घटना वा हानि-नोक्सानी भएमा सोको सूचना लिखित रुपमा अविलम्व बीमकलाई दिनु पर्नेछ।

## अनुसूची - २

## बीमित ऋणीको दुर्घटनाबाट स्थायी अंगभंग/अशक्तता

१. बीमा अवधि भित्र 'प्रत्यक्ष रुपले बाहिर देखिने, आकस्मीक र जोडदार दुर्घटना' (यस पछि दुर्घटना भनिएको) बाट शारीरिक चोटपटक लागि बीमित ऋणी स्थायी रुपले अशक्त वा अपाङ्ग भएमा स्थायी अशक्तता वा अपाङ्गता सम्वन्धमा बीमकले निम्न लिखित सुविधा प्रदान गर्नेछ ।

| क्र.सं. | बिवरण | सुबिधा |
|---|---|---|
| क) | स्थायी अशक्तता भएमा | रु दुई लाख |
| ख) | नाडी वा सो भन्दा माथि देखि दुबै हात वा गोली गाठो वा सो भन्दा माथि देखि दुबै खुट्टा काटिएमा वा भविष्यमा फिर्ता नहुने गरी दुबै आँखा पूर्ण रुपमा दृष्टि विहिन भएमा | रु दुई लाख |
| ग) | नाडी वा सो भन्दा माथि देखि एउटा हात र गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा | रु दुई लाख |
| घ) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा र भविष्यमा फिर्ता नहुने गरी एउटा आँखा पूर्ण रुपमा दृष्टि विहिन भएमा | रु दुई लाख |
| ङ) | दुबै कान पूर्ण रुपमा श्रवण विहिन (पूर्ण रुपमा नसुनिने) भएमा | रु एक लाख |
| च) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाँठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा | रु एक लाख |
| छ) | एउटा आँखाको भविष्यमा फिर्ता नहुने गरी पूर्ण रुपमा दृष्टि विहिन भएमा | रु एक लाख |

स्पष्टीकरण : यस बीमालेखको प्रयोजनको लागि स्थायी अशक्तता भन्नाले दुर्घटनाको कारणबाट स्थायी रुपले अशक्त भई भविष्यमा कुनै पेशा, व्यवसाय वा ज्याला मजदुरी गरी आय आर्जन गरी जीविकोपार्जन गर्न असक्षम भएको अवस्था सम्झनु पर्छ ।

२. कुनै पनि समयमा बीमितले सत्य तथ्य लुकाई गलत तरिकाले बुँदा नं. १ बमोजिमको दावी भुक्तानी लिएको प्रमाणित भएमा त्यसरी प्राप्त गरेको रकम एकमुष्ट बुझाउन बीमकले ३५ दिने सूचना जारी गर्न सक्ने छ । त्यसरी बीमकले जारी गरेको सूचनाको म्याद भित्र सो रकम भुक्तानी गर्नु बीमितको कर्तव्य हुनेछ ।

३. यसमा परिभाषित दुर्घटनाको कारणबाट स्थायी रुपले अशक्त भई भविष्यमा कुनै पेशा, व्यवसाय वा ज्याला मजदुरी गरी आय आर्जन गरी जीविकोपार्जन गर्न असक्षम भएको वा स्थायी रुपले शारीरिक अंगभंग भएको व्यहोरा सामान्यत दुर्घटना भएको १८० दिन भित्र सम्वन्धित विषयको योग्य चिकित्सकबाट बीमित स्वयमको खर्चमा प्रमाणित गराई बीमकको केन्द्रीय कार्यालयमा पठाउनु पर्ने छ ।

४. यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमित ऋणीको स्थायी अशक्तता वा अपाङ्गता भएमा बीमकले कुनै पनि दायित्व वहन गर्नेछैन ।

क) जानाजान आफैले लगाएको चोटपटक वा आत्महत्या वा आत्महत्याको प्रयास स्वरुप भएको स्थायी अंगभंग वा अशक्तता ।

ख) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस्) मा संलग्न भएमा ।

ग) नागरिक वा जंगी ऐन भंग गरेमा ।

## शर्तहरु

१. यो बीमालेख तथा यसको अनुसूची दुवै करारको अंग मानिने छन् ।

२. बीमितको तर्फबाट यस बीमालेखको शर्तको पालना हुनुपर्नेछ ।

३. दावी पर्न सक्ने दुर्घटनाको अवस्थामा बीमितले बीमकलाई आवश्यक पर्ने सम्पूर्ण जानकारी तथा सहयोग उपलब्ध गराउनु पर्नेछ।

४. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानिय समय अनुसार रातको बाह्र बजे यस बीमालेखको अवधि समाप्त हुनेछ ।

५. यस बीमालेख अन्तर्गत जोखिम बहन गर्न शुरु गरेको मिति र समय बीमालेखको अनुसूचीमा उल्लेख भए वमोजिम हुनेछ ।

६. कुनै दावी जालसाजी भएमा वा त्यस सिलसिलामा झुठ्ठा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै लाभ उठाउन खोजेमा वा जानी जानी बीमित-बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै हानि-नोक्सानीको घटना घटेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बन्चित हुनेछ ।

७. यो बीमालेखका शर्तहरु बमोजिम बीमकलाई दिइने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ ।

८. यस बीमालेख अन्तर्गत वीमा दावी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।

**स्वरोजगार म्यादी जीवन बीमालेख**

अनुसूचीमा उल्लेख भएको जीवन बीमा प्रस्ताव यस करारको आधार मान्ने गरी ................... ... (यसपछि बीमक भनिएको) ले प्राप्त गरेको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम एकल बीमा शुल्क किस्ता भुक्तानी पनि प्राप्त भएको हुनाले :

बीमाशुल्क भुक्तानी गरेबापत यस करारको बन्देज र जुन घटना घटेमा भुक्तानी दिने भनिएको हो सो घटनाको र सो भुक्तानी पाउने व्यक्तिको कानूनी अधिकारको तथा बीमितको उमेरको सम्बन्धमा बीमकले स्वीकार गरेको प्रमाणको अधिनमा रही यस बीमालेख बमोजिम भुक्तानी पाउने रकम बीमकले आफ्नो कार्यालयमा भुक्तानी दिनेछ भन्ने कुरा यस बीमालेखद्वारा पुष्टि गरिन्छ ।

यस बीमालेखमा संलग्न अनुसूची, शर्तहरु, विशेष शर्तहरु, पूरक करारहरु र सम्पुष्टि (हरु) यस करारको अंग मानिने छ ।

अनुसूची

| | |
|---|---|
| कार्यालय : | |
| | |
| | |
| | अक्षरमा |
| | |
| | |
| | रम्भ हुने मिति : |
| | |

**१. बीमालेख अन्तर्गत प्रदान गरीने सुविधारु :**

बीमा अवधि भित्र बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही माथी अनुसूचीमा उल्लेख भएको बीमांक रकम एक मुष्ट भुक्तानी  गरिने छ ।

**२. भुक्तानी पाउने ब्यक्ति :**

बीमितले इच्छाएको ब्यक्ति सो नभए बीमा ऐन २०४९ को दफा ३८ अनुसारको बीमितको आश्रित ब्यक्ति वा कानूनी हकदार यस बीमालेख अन्तर्गत भुक्तानी पाउने ब्यक्ति हुनेछ ।

अधिकार प्राप्त अधिकारीको :

हस्ताक्षर : .........................

नाम : ..........................

मिति : ...........................     जाँच्ने.......................     पद :............................

## सामान्य शर्तहरु

**१. बीमाशुल्क भुक्तानीः**

बीमा प्रारम्भ मितिमा पूरा अवधिको एक मुष्ट बीमाशुल्क भुक्तानी गर्नु पर्ने छ ।

**२. समर्पण मूल्य तथा कर्जाः**

यस बीमालेख अन्तर्गत समर्पण मूल्य/कर्जा प्रदान गरिने छैन ।

**३. उमेरको प्रमाणः**

नेपाली नागरीकताको प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको राहदानीलाई बीमकले उमेर सम्बन्धी प्रमाणको रुपमा स्वीकार गर्नेछ ।

**४. बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु**

यदि बीमितको मृत्यु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट भएमा वीमकले कुनैपनि दायित्व वहन गर्नेछैन ।

क) बीमालेख अर्न्तगत रक्षावरण प्रारम्भ हुने मितिबाट एक बर्ष भित्र आत्महत्या गरेमा ।

ख) मान्यता प्राप्त हवाई सेवा द्वारा संचालित नियमित मार्गमा भाडा तिरी यात्रु भै उडान गर्दा बाहेक अन्य उडान गर्दा ।

ग) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस्) मा संलग्न भएमा ।

घ) नागरिक वा जंगी ऐन भंग गरेमा ।

५. यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।

<u>स्वरोजगार कार्यक्रम अन्तर्गत प्रवाह गरिने ऋणको सुरक्षणको लागि गरिने बीमाका मुख्य बिशेषताहरु</u>

१. <u>स्वरोजगार सम्पत्ति बीमा</u>:

क सम्पत्तिको बीमा:

बीमाको बिषय वस्तु : युवा स्वरोजगार कोषबाट ऋण लिने व्यक्तिहरुद्वारा संचालित रोजगार मूलक काममा प्रयोग हुने बिभिन्न सम्पत्तिहरु

बीमाङ्क रकम : रु. २,००,०००/- प्रति एक व्यक्ति / स्थान

समाविष्ट जोखिमहरु :

> आगलागी, बिष्फोटन, स्वजलन वा चटयाङ्ग,

> भुकम्प

> बाढी/डुवान,

> पहिरो/भुस्खलन,

> आधिबेहरी, असिना, हिमपात,

> हुलदंगा/हडताल

> द्वेशपूर्ण कार्य

> आतंककारी/बिध्वंशकारी गतिविधि

ख दुर्घटना बीमा:

बीमित व्यक्ति : युवा स्वरोजगार कोषबाट ऋण लिने व्यक्तिहरु

बीमाङ्क रकम : रु. २,००,०००/- प्रति व्यक्ति

समाविष्ट लाभहरु : स्थायी पूर्ण वा आंशिक अशक्तता

दावी पर्दा पाइने रकम : स्थायी पूर्ण अशक्तता - रु. २००,०००/-

तोकिए बमोजिमको स्थायी आंशिक अशक्तता रु. १००,०००/-

**२. स्वरोजगार म्यादी जीवन बीमा:**

बीमित व्यक्ति : युवा स्वरोजगार कोषबाट ऋण लिने व्यक्तिहरु

बीमाङ्क रकम : रु. २,००,०००/- प्रति व्यक्ति

समाविष्ट लाभहरु : कुनै पनि प्रकारको मृत्यु (अपबाद बाहेक

दावी पर्दा पाइने रकम : रु. २००,०००/-

**कूल बीमाशुल्क दर (१ र २ दुबैको :**

| ीमा अवधि | बीमाशुल्क दर | |
|---|---|---|
| | ातमा | प्रति दुई लाख बीमाङ्कमा |
| १ बर्ष | १.०० | २,०००/- |
| २ बर्ष | १.९४ | ३,८८०/- |
| | २.८१ | ५,६२०/- |
| | ३.६२ | ७,२४०/- |
| | ४.३७ | ८,७४०/- |

३. बीमा अवधिको शुरुमा पूरा बीमाशुल्क एकमुष्ट भुक्तानी हुनु पर्ने ।

४. एक बर्षको अनुमानित बीमाशुल्कको कम्तीमा ५०% रकम बीमा कम्पनीलाई आशिक भुक्तानीको रुपमा उपलब्ध गराइनु पर्ने ।

५. प्रत्येक बीमालेखको बीमाशुल्क आंशिक भुक्तानीको रकमबाट समायोजन गर्ने । यसरी समायोजन गर्दा बाँकी आंशिक भुक्तानी रकम शुरुको आंशिक भुक्तानी रकमको १० % भए पछि एक बर्षको अनुमानित बीमाशुल्कको ५०% रकम पुन बीमा कम्पनीलाई आंशिक भुक्तानीको रुपमा उपलब्ध गराइनु पर्ने ।

६. स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्थाले बीमा प्रस्ताव फारम भरी बीमा कम्पनीलाई उपलब्ध गराएको मिति र समयबाट बीमा रक्षावरण प्रारम्भ हुने ।

७. स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रवाह गर्ने बैंक/बित्तीय संस्था मार्फत बीमा दावी भुक्तानी गरिने । त्यस्तो भुक्तानी प्राप्त रकमबाट ऋणको साँवा/व्याज कट्टा गर्दा कुनै रकम बाकी भए बीमित ऋणीलाई बैंक/बित्तीय संस्थाले उपलब्ध गराउनु पर्ने ।